
# लेखापरीक्षण प्रतिवेदन

# बलान-विहुल गाउँपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बलान-विहुल गाउँपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१

### महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/402

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू,

बलान-विहुल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

सप्तरी ।

## कैफियतसहितको राय।

हामीले बलान-विहुल गाउँपालिकाकोआर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

**१.** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ३९ लाख ३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३ लाख ६० हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ७ लाख ३० हजार समेत गरी रु.१२ करोड ४९ लाख ९३ हजार समावेश गरेको छैन।

**२.** गाउँपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू.१३ करोड ५६ लाख ३८ हजार, समपूरक अनुदान रू.१ करोड ३५ लाख र विशेष अनुदान रू.१ करोड १५ लाख समेत रू.१६करोड

६ लाख ३८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.१ करोड ३६ लाख ३५ हजार १७ बचत रहेको छ । उक्त बचत रकम आर्थिक वर्षको समाप्ति पश्चात् मिति २०८१।०६।२१ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।

**३.** गाउँपालिकाको लागि प्रदेश सरकारबाट विशेष अनुदान रू.३० लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.९ हजार बचत रहेको छ । उक्त रकम आर्थिक वर्षको समाप्ति पश्चात् प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ।

**४.** गाउँपालिकाको रु.९४ करोड ४८ लाख १० हजार लेखापरीक्षण गरिएकोमा रू.५ करोड २३ लाख ९७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा गाउँपालिकाबाट कुनै प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.४ लाख २१ हजार , प्रमाण कागजात पेश गर्नुपर्ने रू.३ करोड ८१ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ५१ हजार र पेस्की बाँकी रु. १ करोड १२ लाख ७६ हजार समेत यष वर्ष रू. ५ करोड २३ लाख ९७ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु. ३७ करोड ७ लाख २४ हजार बेरुजु बाँकी रहेकोमा यस बर्ष रु. ७ लाख ३० हजार सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजु रु. ४२ करोड २३ लाख ९१ हजार रहेको छ । **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

**५.** नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारकोप्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

#### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ५१ | ५,२३,९६,९०८ | ० | ० | ० | ० | ७२ | ५१ | ५,२३,९६,९०८ | ४,२०,६१५ | २५,५१,४५० | ३,८१,४९,३४३ | ० | ० | ४,०७,००,७९२ | १,१२,७५,५०० |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ३७०७२४००० | | ७२९७२९ | ३६९९९४२७१ | ० | ५२३९६९०८ | ४२२३९११७९ |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ४५.१ | खानेपानी लागत सहभागिता | ७,२९,७२९ |
| जम्मा | | | | ७,२९,७२९ |

# (८०२१५५०५३०० - बलान-विहुल गाउँपालिका, सप्तरी )

## परिचय

१ **परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ३३.०४ वर्ग किलोमिटर तथा २६०६८ जनसंख्या रहेको छ।

२ **लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी प्रतिवेदन उपर उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको रहेको छ।

३ **लेखापरीक्षणको विधी**

लेखापरीक्षण ऐन, २०७५ तथा लेखापरीक्षण योजना २०८१ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

४ **लेखापरीक्षणको क्षेत्र र अवधि**

यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।१५ देखि २०८१।१०।१८ सम्म रहेको छ।

५ **लेखापरीक्षणको सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाई, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

६ **संवैधानिक तथा कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिकामा निहित हुने र धारा २२१ बमोजिम स्थानिय तहको व्यवस्थापकिय गाउँसभामा निहित रहने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही व्यवस्था अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्र शासन व्यवस्थाको संचालन तथा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले पेश गरेको विवरण अनुसार हालसम्म ४ वटा ऐन, ४ वटा नियमावली ,१६ वटा कार्यविधी तथा २ नम्स गरी कार्यविधि गरी जम्मा २६ वटा कानुन निर्माण तथा राजपत्रमा प्रकाशन गरी कार्यान्यनमा ल्याएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

७ **वित्तिय विवरणको परीक्षणः यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।**

७.१ **प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनः** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा २ मा संघ, प्रदेश तथा स्थानिय तहले नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम वित्तिय विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७९।०८।२० को निर्णयबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ (Nepal Public Sector Accounting Standards- NPSAS) अनुसार लेखाङ्कन र प्रतिवेदन गर्नुपर्दछ । म.ले.प.फा.नं २७० अनुसार गाउँपालिकाको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन निम्नानुसार रहेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | |
|---|---|---|---|---|
| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | नगद | जम्मा | नगद | जम्मा |
| कर | ६,०७,५४,९५४.४५ | ६,०७,५४,९५४.४५ | ६,९९,८२,८३३.२४ | ६,९९,८२,८३३.२४ |
| अनुदान | २५,४८,९९,३८१.९५ | २५,४८,९९,३८१.९५ | २८,२०,१४,५००.०० | २८,२०,१४,५००.०० |
| अन्य राजस्व | ८,९९,९६७.५० | ८,९९,९६७.५० | ०.०० | ०.०० |
| कुल जम्मा प्राप्ति | ३१,६५,५४,३०३.९० | ३१,६५,५४,३०३.९० | ३५,१९,९७,३३३.२४ | ३५,१९,९७,३३३.२४ |
| चालु | २५,२०,८०,५८८.८० | २५,२०,८०,५८८.८० | २२,००,६६,१५२.४३ | २२,००,६६,१५२.४३ |
| पारिश्रमिक / सुविधा | ९,८०,०४,७३०.१० | ९,८०,०४,७३०.१० | ८,७६,९६,६५७.९७ | ८,७६,९६,६५७.९७ |
| मालसामान तथा सेवाको उपयोग | ९,४८,४१,९४५.३० | ९,४८,४१,९४५.३० | ८,२४,८६,०७६.६५ | ८,२४,८६,०७६.६५ |
| ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | २१,५००.०० | २१,५००.०० | ०.०० | ०.०० |
| सहायता (Subsidy) | १,६८,६३,३४२.४० | १,६८,६३,३४२.४० | १,१२,६४,१२०.०० | १,१२,६४,१२०.०० |
| सामाजिक सुरक्षा | १,०७,४५,१३९.०० | १,०७,४५,१३९.०० | १,३४,४१,०२२.८१ | १,३४,४१,०२२.८१ |
| अन्य खर्च | ३,१६,०३,९३२.०० | ३,१६,०३,९३२.०० | २,५१,७८,२७५.०० | २,५१,७८,२७५.०० |
| पूंजीगत | १०,४६,४८,५६३.०० | १०,४६,४८,५६३.०० | ९,८३,६७,०३१.१० | ९,८३,६७,०३१.१० |
| भवन तथा संरचना | ३,०६,९०,९०३.०० | ३,०६,९०,९०३.०० | ४,०८,५८,९८९.०० | ४,०८,५८,९८९.०० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,०२,५४,९०३.०० | १,०२,५४,९०३.०० | ५९,५९,३९५.७५ | ५९,५९,३९५.७५ |
| अन्य पूँजीगत खर्च | ३४,५९,३४१.०० | ३४,५९,३४१.०० | ०.०० | ०.०० |
| सार्वजनिक निर्माण | ६,०२,४३,४१६.०० | ६,०२,४३,४१६.०० | ४,६९,४१,३०६.५७ | ४,६९,४१,३०६.५७ |
| पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ४६,०७,३३९.७८ | ४६,०७,३३९.७८ |
| कुल जम्मा भुक्तानी | ३५,६७,२९,१५१.८० | ३५,६७,२९,१५१.८० | ३१,८४,३३,१८३.५३ | ३१,८४,३३,१८३.५३ |
| बचत /कमी (ग = क-ख ) | (४,०१,७४,८४७.९०) | (४,०१,७४,८४७.९०) | ३,३५,६४,१४९.७१ | ३,३५,६४,१४९.७१ |
| धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (७५,५४,८२७.९३) | (७५,५४,८२७.९३) | ९५,३२,५४०.५० | ९५,३२,५४०.५० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (१३,३७,२६४.२८) | (१३,३७,२६४.२८) | (१४,१७९.००) | (१४,१७९.००) |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (४,७७,२९,६७५.८३) | (४,७७,२९,६७५.८३) | ४,३०,९६,६९०.२१ | ४,३०,९६,६९०.२१ |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,०६,५१,३८५.४८ | ७,०६,५१,३८५.४८ | २,९०,५६,५५३.९६ | २,९०,५६,५५३.९६ |
| विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २,२९,२१,७०९.६५ | २,२९,२१,७०९.६५ | ७,२१,५३,२४४.१७ | ७,२१,५३,२४४.१७ |

७.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु.१२३९०३१४८ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३६०००० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.७२९७०० गरी जम्मा रु.१२४९९२८४८.००।- को सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

७.३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको (सुत्रको म.ले.प.फा.२७० अनुसार) र बैङ्क हिसाब मिलान विवरणको स्थिती देहायअनुसार छ।उक्त विवरण अनुसार समग्रमा पालिकाको श्रेस्तामा भन्दा बैक तर्फ रु.४२९४८६।– बढि देखिए तापनि पालिकाको चालू खर्च खाता र पूँजिगत खर्च खातामा मौज्दात ऋणात्मक भएको सम्बन्धमा परीक्षण गर्दा पालिकाले दाखिला गर्नुपर्ने कर कट्टि दायित्वहरु दाखिला गर्न बाँकी रहेको कारण उक्त खाताहरुमा ऋणात्मक मौज्दात देखिएको छ ।त्यसैगरी विविध खर्च तर्फ श्रेस्तामा भन्दा बैक तर्फ कमि देखिएको मौज्दात रकम रु.१९२५३४१।- सम्बन्धमा पालिकाले फरक पर्नुको कारण र सोको प्रमाण पेश नगरेकोले उक्त फरक परेको रकमको सम्बन्धमा एकिन गरी हिसाबमिलान प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | स्थानीय तह सञ्चित कोष खाता | १,९५,८९,२४०.८९ | २४८५३०५४.४१ | ५२६३८१३.५२ (बैकमा बढि) |
| 2. | स्धानीय तह धरौटी खाता | ४२,४५,२५०.७३ | ४२४५२३५.७३ | ० |
| 3. | चालू खर्च खाता- विजोर वर्ष | (२,४५,४१८.२८) | | |
| 4. | पूँजिगत खर्च खाता- विजोर वर्ष | (१०,९१,८४६.००) | | |
| 5. | विविध खर्च खाता | १९,२५,३४१.०० | - | १९२५३४१ (बैकमा कमी) |
| **जम्मा** | | २,४४,२३,५६८.३४ | २४८५३०५४.४१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,२५,३४१ |

७.४ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. १०५०५४८८.८१, यस वर्षको प्राप्ति रु. १३८२०४२७६.०७, यस वर्षको भुक्तानी रु.१३३३२२२७०.४३ र बैङ्क मौज्दात रु. १९३१३४४.७६फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात | |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७,०६,५१,३८५.४८ | ३१,६५,५४,३०३.९० | ३५,६७,२९,१५१.८० | २,२९,२१,७०९.६५ | |
| एकिकृत आर्थिक विवरण अनुसार | ६०१४५८९६.६७ | ४५४७५८५७९.९७ | ४९००५१४२२.२३ | २४८५३०५४.४१ | |
| **फरक** | १०५०५४८८.८१ | १३८२०४२७६.०७ | १३३३२२२७०.४३ | १९३१३४४.७६ | |

७.५ **कर दायित्व** –आयकर ऐन,२०५८ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्य प्रचलित कानून बमोजिम पालिकाले कट्टि गरेका कर तथा अन्य कोष कट्टि रकम तोकिएको समयावधि भित्र सम्बन्धित खाताहरुमा दाखिला गर्नुपर्दछ । पालिकाको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको अग्रिम कर, संञ्चय कोष, पारिश्रमिक कर कट्टि लगायतका कर दायित्व रु.१३३७२६४.२८ सम्बन्धित खातामा दाखिला गर्नुपर्ने दायित्व देखाएको छ । एकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,३७,२६४ |

## ८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसीटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरिएको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय | प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली पूर्ण रुपमा लागु नगरेको ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

• वार्षिक खरिद योजना बनाएको छैन ।

• पालिकाले विगत वर्षहरुमा जारी भएका लेखापरीक्षण प्रतिवेदनमा औल्याईएका कैफियत तथा सुझावहरुलाई कार्यान्वयन गरेको छैन ।

• पालिकाबाट वितरण भएका अनुदानहरुको सहि सदुपयोग भए/नभएको सम्बन्धमा अनुगमन गरेको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ९ बजेट तर्जुमा र कार्यान्वयन

९.१ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले मिति २०८०।०३।१० मा रु.४८ करोड ७० लाख ७५ हजार ३०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।अतः पालिकाले प्रत्येक आर्थिक वर्ष समयमानै बजेट पेश,स्वीकृत र अख्तियारी प्रत्यायोजन गरी कार्यान्वयनमा प्रभावकारी ल्याउनुपर्दछ।

९.२ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसारका कुल १०५ योजनामा वजेट विनियोजन गरेको छ।

| विवरण | रु १ लाखदेखि ५ लाख सम्मका | रु ५लाख देखि १० लाख सम्मका | रु १० लाख भन्दा बढीको | जम्मा |
|---|---|---|---|---|
| योजना संख्या | ५१ | ४२ | १२ | १०५ |
| जम्मा रकम | १६०७५००० | ४२२४३००० | ५९७८६००० | ११८१०४००० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा १०५ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका ५१ वटा योजना छन् ।जुन कुल योजना संख्याको ४८.५७ प्रतिशत हुन आउँछ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

९.३ **त्रैमासिक पूँजीगत खर्चः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च वार्षिक रु.१० करोड ४६ लाख ४८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च भएको छैन ।त्यसैगरी दोस्रो त्रैमासिकमा रु.१ करोड ३९ लाख ४ हजार अर्थात १३.२९ प्रतिशत , तेस्रो त्रैमासिकमा रु.१ करोड ७१ लाख ७४ हजार अर्थात १६.४१ प्रतिशत र चौथो त्रैमासिकमा रु.७ करोड ३५ लाख ७० हजार अर्थात ७०.३० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु.४ करोड ९२ लाख ६० हजार अर्थात ४७ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।पालिकाको गाउँ सभा अधिवेशन ढिलो गरी बसेको कारण तेस्रो त्रैमासिकमा आएर मात्र खर्च भएको देखिन्छ ।अतः पालिकाले गाउँ सभा समयमै सम्पन्न गरी स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।

| **क्र.सं.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (रु. हजारमा)** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोश्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथौ त्रैमासिक** | **असार महिना** |
| १. | पूँजिगत खर्च | १०४६४८ | ० | १३९०४ | १७१७४ | ७३५७० | ४९२६० |
| | **प्रतिशत** | **१००** | **०** | **१३.२९** | **१६.४१** | **७०.३०** | **४७** |

९.४ **क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरणः-** स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व. २०८०।०८१ मा क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय अनुसार रहेको छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४,०९,५०,०००.०० | ३,५५,५६,९७५.०० | ९.९६ |
| सामाजिक विकास | १४,५८,११,०००.०० | १३,४१,४३,४८६.९६ | ३७.६० |
| पूर्वाधार विकास | ५,८७,२०,३७८.०० | ५,३९,३७,६१०.०० | १५.१२ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २४,५०,०००.०० | २४,२३,३०४.०० | ०.६८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,७४,३७,५२१.०० | १३,०६,६७,७७५.८४ | ३६.६३ |
| **जम्मा** | ३९,५३,६८,८९९.०० | ३५,६७,२९,१५१.८० | **१००** |

माथि प्रस्तुत तालिका अनुसार पालिकाले कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी अर्थात रु. १४७४३७५२१.०० र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा अर्थात रु.२४५००००.०० विनियोजन गरेको छ । कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा सामाजिक विकासको क्षेत्रमा सबैभन्दा बढी ३७.६० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम अर्थात ०.६८ प्रतिशत खर्च प्रगति भएको छ ।त्यसै गरी कुल विनियोजनका आधारमा खर्च हेर्दा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढि ९८.९१ प्रतिशत र सबै भन्दा कम आर्थिक विकासको क्षेत्रमा ८६.८३ प्रतिशत खर्च भएको छ । अतः पालिकाले खर्च गर्ने क्षमतामा सुधार गर्दै सबै क्षेत्रमा विनियोजन गरेको रकम पूर्ण परिचालन गरी अपेक्षित विकासको नतिजा तथा लक्ष्यनुसार खर्च प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९.५ **बजेट तथा कार्यक्रम तर्जुमा:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले सोही व्यवस्था अनुसार कार्यक्रमको प्राथमिकीकरण तथा परिपूरकता कायम गरी वार्षिक बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१० **पेश्की व्यवस्थापन**

१०.१ **चालु आ.व.को म्याद नाघेको पेश्की बाँकीः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको समय भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । उक्त नियमानुसार पालिकाले म्याद नाघेको पेश्की र म्याद ननाघेको पेश्की विवरण अध्यावधिक गरी तोकिएको अवधिभित्र पेश्की फछर्यौट गर्नुपर्दछ ।सुत्रको म.ले.प.फा.नं २११ अनुसार चालु आ.व मा विभिन्न व्यक्ति तथा संस्थाको नाममा रहेको म्याद नाघेको पेश्की रु.११२७५५००।- रहेको छ ।यसरी म्याद नाघेको पेश्की रकम लेखापरीक्षणको अवधी सम्म पनि फछर्यौट हुन बाँकी रहेकोले नियमानुसार फर्छौट हुनुपर्ने रु.

| पेश्की लिने कर्मचारी,फर्म तथा कम्पनीको नाम | पेश्की लिएको प्रयोजन | म्याद नाघेको पेश्की रु. |
|---|---|---|
| बौद्धिक समाज तथा सामाजिक जागरण मञ्च नेपाल | बौधिकसमाज तथा सामाजिक जागरण मंच नेपाल सप्तरी बलान बिहुल-१ लाई कार्यालय व्यवस्थापनअनुदान | २,५०,०००.०० |
| बौद्धिकसमाज तथा सामाजिक जागरण मञ्च नेपाल | बौधिकसमाज तथा सामाजिक जागरण मंच नेपाल सप्तरी बलान बिहुल-१ लाई कार्यालय व्यवस्थापनअनुदान | १,००,०००.०० |
| एसके आर ग्रुप प्रा ली | बलानबिहुल पोलिटेक्निक कलेज निर्माण, बलान बिहुल-१ | १५,१८,०००.०० |
| एसके आर ग्रुप प्रा ली | प्राविधिकशिक्षालय, बलान बिहुल-१ | १३,५७,०००.०० |
| एसके आर ग्रुप प्रा ली | प्राविधिकशिक्षालय, बलान बिहुल-१ | १३,५७,०००.०० |
| माँदुर्गा झोलुगे पुल निर्माण उ.स | बिहुलनदि झो.पु. वडा नं ६, रामनगर खिलाधर धोक्र झो.पु., रौतहट पुरबरियाबिहुल झो.पु, बलान -बिहुल गाउँपालिका, सप्तरी | ५,७३,०००.०० |
| माँदुर्गा झोलुगे पुल निर्माण उ.स | बिहुलनदि झो.पु. वडा नं ६, रामनगर खिलाधर धोक्र झो.पु., रौतहट पुरबरियाबिहुल झो.पु, बलान -बिहुल गाउँपालिका, सप्तरी | ५,१८,८००.०० |
| अबदुलखालिक अन्सारी | गाउँपालिकाकोसबै वडाहरूमा डेङ्गु विरुद्ध औषधी छर्काउने कार्य | ८,००,०००.०० |
| बिल्टु यादव | वडानं. ३ को धर्म संस्कृती खेलकुद खर्च | ३,००,०००.०० |
| विष्णुदेवमघैया | वडानं. २ को धर्म संस्कृती खर्च | २,००,०००.०० |
| बिरेन्द्रकुमार कापैर | किसानसूचीकरण कार्यक्रम | २,४९,०००.०० |
| बिल्टु यादव | वडानं. ३ को कार्यालय संचालन खर्च | ३,००,०००.०० |
| बृजेश कुमार झा | रसायनिकविषादी खरिद तथा नि:शुल्क वितरण कार्य | २,००,०००.०० |
| बृजेश कुमार झा | उन्नतजातको तरकारी कम्पोजिट प्याकेट खरिद तथा नि:शुल्क वितरण कार्य | ७,००,०००.०० |
| मन्तुप्रसाद यादव | जनतासँगगाउँपालिका अध्यक्ष कार्यक्रम | ५,००,०००.०० |
| खेमचन्द्र यादव | भ्रमणखर्च | ७५,०००.०० |
| जगरनाथकुमार मंडल | अन्यविविध खर्च - आयोजना, सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी विभिन्न बैंठककोचियापान लगायतको खर्च | ५०,०००.०० |
| अबदुलखालिक अन्सारी | स्थानीयतहको साझेदारीमा कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालनकोपालिका/वडा बाट खोप केन्द्र स्तरमासुपरिवेक्षण तथा दादुरा रुबेला खोपअभियान संचालन एवं ब्यबस्थापनको लागि पालिका तथा वडा खोप समितिको अभिमुखीकरण रयोजना गोष्ठी ) | १,६७,७००.०० |
| मुसहरु यादव | वडानं. ५ कार्यालय संचालन खर्च | १,००,०००.०० |
| अरुणयादव | जनतासँगगाउँपालिका अध्यक्ष कार्यक्रम | २,००,०००.०० |
| | | |

| | | |
|---|---|---|
| अबदुलखालिक अन्सारी | स्वास्थ्यचौकी (आधारभुत स्वास्थ्य सेवाकेन्द्र) को न्युनतम सेवा मापदण्डकार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलोअप , अनुगमन तथा सुदृधिकरण समेत ) | १,३५,०००.०० |
| दिनेशकुमार यादव | योजनासंचालन सम्बन्धि क्षमता अभिवृधी तालिम | ३,००,०००.०० |
| खेमचन्द्रयादव | पदाधीकारीबैठक भता | ४५,०००.०० |
| मो.नसिम राईन | महिलाहिंसा सम्बन्धी सचेतना कार्यक्रम | ५,००,०००.०० |
| रामकुमारयादव | भ्रमणखर्च | २,००,०००.०० |
| सावित्री कुमारी चौधरी | मोटरबैरिङ्ग तालिम | २,००,०००.०० |
| रामफुलेश्वर यादव | मर्मतसम्भार कोष | १,००,०००.०० |
| हरेरामयादव | मर्मतसम्भार कोष | १,००,०००.०० |
| राजेश्वरराम | गापाअध्यक्षको विविध खर्च | १,८०,०००.०० |
| जम्मा | | ११२७५५०० |

| | |
|---|---|
| पेश्की | १,१२,७५,५०० |

१०.२ **गत वर्ष सम्मको म्याद नाघेको पेश्कीको फर्छ्यौट र सम्परीक्षणः** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७ मा पेश्की दिने र फर्छ्यौट गर्ने सम्बन्धी व्यवस्था गरिएको छ । सुत्र को अभिलेख अनुसार गत आ.व सम्म म्याद नाघेको अल्या पेश्की तर्फ विभिन्न व्यक्ति,संस्था र फर्महरुको नाममा रु.२८५०९००।– फर्छ्यौट गर्न बाकी रहेको देखिएको छ । यसरी लामो समय देखि सुत्रमा पेश्की अल्या हुँदै आएको सम्बन्धमा पालिकाले थप एकिन गरी फर्छ्यौट भईसकेको भएमा सोही अनुसार पेश्की बाँकीको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ । श्रेस्ता अनुसार पेश्की फर्छ्यौट भईसकेको अवस्थामा समेत विगतमा कायम भएको पेश्की बेरुजु यथावत रहिरहने हुँदा नियमानुसार सम्परीक्षण गरी पेश्की बाँकीको विवरण अद्यावधिक गर्नुपर्दछ ।

## ११ आन्तरिक लेखापरीक्षण तथा शाखा गठन

आन्तरिक लेखापरीक्षण तथा शाखा गठन - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुका साथै पालिकाले आन्तरिक कारोबार,आन्तरिक जाचँ एवँ आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोबारको यर्थाथता एवं वित्तिय जोखिम न्यूनिकरण गर्नुपर्दछ ।

## १२ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले यस वर्ष स्पष्ट मापदण्ड र कार्यविधी वेगर कार्यपालिकाको निर्णय र अध्यक्षको तोक आदेश अनुसार आर्थिक सहायता, धर्म संस्कृति सहयोग र विविध खर्च शीर्षक अन्तर्गत विभिन्न व्यक्ति,पुजा समितीहरु र संस्थाहरुलाई रु.३०६८४००।– आर्थिक सहायता तथा औषधी उपचार सहयोग रकम प्रदान गरेको छ । जुन आन्तरिक आयको रु.२७३२६३७ को ११२ प्रतिशत हुन आउँछ ।पालिकाले यसरी सहायता वितरण गर्दा वस्तुनिष्ठ आधार नलिई व्यक्तिहरुको निवेदनहरु तथा वडा कार्यालयहरुको सिफारिसलाई मात्र आधार लिईएको देखिन्छ । अतः पालिकाले यसरी सहायता वितरण गर्दा निश्चित मापदण्ड तथा कार्यविधी तयार र व्यक्तिहरुको यथार्थ आर्थिक अवस्थाको मूल्यांकन र सहायता रकमको दुरुपयोग नहुने सुनिश्चित एवंम् आन्तरिक आयलाई ध्यानमा राखि सहायता वितरणलाई व्यवस्थित गर्नुपर्दछ ।

१३ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाई छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ ।पालिकाले प्रवाह गर्ने सेवा प्रवाहलाई सूचना प्रविधीसँग आबद्ध गर्दै सेवा प्रवाहमा नागरिकहरुको सन्तुष्टि मापन गर्न सार्वजनिक सुनुवाई गरी शासन व्यवस्थाको सुखद अनुभूति दिलाउनुपर्दछ । उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहाय बमोजिम रहेको छ ।

| **विवरण** | **जम्मा संख्या** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | उपलब्ध नगराएको |
| जन्मदर्ता | ३७५ |
| मृत्युदर्ता | ११३ |
| बसाईसराई दर्ता | ९ |
| विवाह दर्ता | १०३ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| सार्वजनिक सुनुवाई | उपलब्ध नगराएको |
| सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधीको प्रयोग | उपलब्ध नगराएको |

१४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) प्रविष्ट गर्नु पर्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा पालिकामा दर्ता भएका सहकारी संस्थाहरुको विवरण माग गरिएकोमा पालिका अन्तर्गत २५ वटा सहकारी संस्थाहरु रहेकोमा १३ वटाले (COPOMIS) विवरण अद्यावधिक गरेका र अन्य १२ वटाले विवरण अद्यावधिक गरेका छैनन । तसर्थ पालिकाले दर्ता भएका सहकारी संस्थाहरुको अध्यावधिक विवरण तयार गरी सहकारी ऐन, नियमावली र निर्देशिका अनुसार सहकारी संस्थाहरुको प्रभावकारी संचालन र व्यवस्थापनमा उचित ध्यान दिनुपर्दछ ।

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत र शिक्षा अधिकृत १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।संगठन सर्वेक्षण गरी सभाबाट स्वीकृत भएका पदहरुका लागि स्थायी पदपूर्ती गर्न प्रदेश लोक सेवा आयोगलाई माग आकृति फारम भरी वार्षिक कार्यतालिका बमोजिम पठाई रिक्त पदहरुको यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६ **न्यायीक कार्यसम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५ र यो बर्ष

थप भएको ३० गरी कुल ४५ विवाद तथा उजुरी दर्ता भएकोमा यो वर्ष २१ वटा फछ्र्यौट भएको र २४ वटा फछर्यौट हुन बाकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१७ **धरौटी व्यवस्थापन**

कार्यालयबाट प्राप्त धरौटीको आर्थिक विवरण अनुसार गत आ.व.को जिम्मेवारी सारेको रु. ६०,७६,५५८.१६ र यो वर्ष प्राप्त रु. १५,४४,०९८ समेत जम्मा धरौटी रु. ७६,२०,६५६.१६ मध्ये रु. ३३,७५,४०५.४३ फिर्ता भै रु. ४२,४५,२५०.७३ बाँकी रहेको उल्लेख छ । धरौटी सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :-

१७.१ नामनामेसी नखुलेको धरौटी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ६८ अनुसार कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको अवस्थामा कार्यालयले धरौटी रकम राजस्व खातामा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले २०७९।८० को धरौटी अल्या गर्दा रु. १,१९,९४७ को नाम नामेसि नखुलाई अल्या गरेको हुनाले पालिकाले यकिन गरी राजश्व खातामा आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

१७.२ **धरौटी फिर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी आन्तरिक राजश्व विभागको मिति २०७१।०७।१४ को पत्रानुसार धरौटी फिर्ता गर्दा मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले 2 निर्माण व्यवसायीलाई रिटेन्सन मनी बापतको धरौटी फिर्ता गर्दा कर चुक्ता प्रमाण संलग्न नगरी धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,७४,४०५.४३ |

१८ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने,सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरी पेश गरेको प्रतिवेदन अनुसार ६८ वटा विभिन्न जिन्सी सामग्रीहरुको मर्मत गर्नुपर्ने र ६ वटा जिन्सी सामग्रीहरुको मिन्हा गर्नुपर्ने उल्लेख गरेको छ । तसर्थ पालिकाले मर्मत गर्नुपर्ने जिन्सी सामग्रीहरुको मर्मत गराई प्रयोग ल्याउनु पर्दछ भने मिन्हा गर्नु पर्ने सामग्रीहरुलाई प्रचलित कानून बमोजिम मिन्हा गरी जिन्सी व्यवस्थापनमा प्रभावकारीता ल्याउनुपर्दछ भने सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्न बाँकी रहेका जिन्सी सामग्रीहरुलाई PAMS प्रविष्ट गरी लगत अद्यावधिक गर्नुपर्दछ ।

१९ **अस्पताल निर्माण**

पालिकाले १५ शैया को आधारभूत अस्पताल निर्माण कार्यका ठेक्का नं १५/७८/७९ मार्फत निर्माण व्यवसायी रौतहट/ श्रेष्ठ सन/रेग्मी जे/भी सँग रु १६१३८४८७४.५१ (मूल्य अभिवृद्धी कर समेत) २०८२/३/२५मा कार्य सम्पन्न गर्नेगरी २०७९/१/६ मा सम्झौता भएकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेकाछन ।

१९.१ **खरिद सम्झौता :** सार्जनिक खरिद ऐन २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकाय संग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरु नगरेमा ,काम सुरु गरि बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ५९ (८) मा उपदफा ७ बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पुरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाकि रहेको पुरा गर्न जे जति रकम आवश्यक पर्छ । सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाकि सरह असुल गर्नु पर्ने व्यवस्था छ । तसर्थ ऐन बमोजिम

सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायी लाई ऐन बमोजिम सम्झौता को अन्त्य गरि बोलपत्रदाताबाट सरकारी बाकि सरह असुल गर्नु पर्ने प्रक्रिया अगाडी बढाउनुपर्ने देखिन्छ ।

१९.२ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८२/३/२५ मा सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायिले उक्त निर्माण कार्य गत वर्ष प्रथम रनिंग बिल बापत रु १५९०५२२२.४४ भुक्तानी लिएको छ । सम्झौता वमोजिम अस्पताल निर्माण कार्यको भौतिक प्रगति न्युन रहेको देखिन्छ । सम्झौता भएको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने तथा कार्यातालिका वमोजिम कार्य नभएको सम्वन्धमा पालिकाले समेत निर्माण व्यवसायिलाई पत्राचार गरेको देखिदैन ।

## २० राස्ट्रपति शैक्षिक सुधार कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभै जुनसुकै खातामा बाँकी रहेको सशर्त, समपूरक र बिशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय सन्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिका ले देहाय अनुसार को आर्थिक बर्ष मा रास्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्नानुसार को बिद्यालय लाई निम्नानुसार को कार्य बापत रु ३१८००००० निकासा गरेको मा उक्त कार्य को कार्यसम्पन्न गरेको प्रतिबेदन पेश भएको छैन । तसर्थ नियमावली बमोजिम कार्य नभई बाकि रहेको रकम असुल गरि संघीय सन्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| क्र.स | आर्थिकबर्ष | बिद्यालयको नाम | प्रयोजन | निकासा रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | श्रीभगवती रा.प्रा.बि चनही | भवननिर्माण | ३६००००० |
| २ | २०७७/७८ | श्रीपंचायत रजत जयन्ति रा.प्रा.बि दुधैला | बाससहित को सौचालय | ७००००० |
| ३ | २०७८/७९ | श्रीराजेश्वरी बि मौवाहा | भवननिर्माण | ३६००००० |
| ४ | २०७८/७९ | श्रीजनता मा.बि | भवननिर्माण | ३६००००० |
| ५ | २०७८/७९ | श्रीप.ज.रा.प्रा.वि | भवननिर्माण | १८००००० |
| ६ | २०७९/८० | श्रीजा.ग.ज.मा.वि सेहरा | भवननिर्माण | ५०००००० |
| ७ | २०७९/८० | जनतामा.वि रामनगर | भवननिर्माण | ४५००००० |
| ८ | २०७९/८० | दुर्गाताराआ.वि मल्हनिया | भवननिर्माण | ४५००००० |
| ९ | २०७९/८० | जनतामा.वि बेल्ही | भवननिर्माण | ४५००००० |
| जम्मा | | | | ३१८००००० |

## २१ उपकरणको गुणस्तर परीक्षण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन वा अन्य विवरणहरु तयार गर्नु पर्ने र दफा ५(१) मा खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था रहेको छ । ऐनको दफा ५क. मा दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिए बमोजिम स्वीकृत गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा खरिद सम्झौता अनुसार अपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राबिधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । यस कार्यालयले देहाय बमोजिमको सामाग्रीहरु खरिद गर्दा खरिद पुर्व तयार गर्नुपर्ने स्पेसिफिकेशन र लागत अनुमान तयार नगरी सोझै ३ वटा खुल्ला दरभाउपत्र माग गरी खरिद गरेको देखिन्छ । त्यसै एकै प्रकृतिको सामाग्री खरिद योजना बनाई तोकिएको सिमा नाघेमा बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा सो विश्लेषण नगरी सोझै खरिद गरेको देखिन्छ। साथै अपूर्ति गरिएको मालसामानको गुणस्तर परीक्षण वा निरीक्षण वा परीक्षण गरी प्रतिवेदन समेतको

आधारमा भुक्तानी गर्नुपर्नेमा पर्नेमा सिधै भुक्तानी गरेको छ । ल्यापटप, ऐ.सी., सोलारवत्ती उपकरण लगायतको उपकरणहरु खरिद गर्दा वारेन्टीको सुविधा समेत हुने गरेकोमा सो समेत उल्लेख नगरेको र स्पेसिफिकेशन स्वीकृति र आपूर्ति पछिको गुणस्तर परीक्षण बेगर खरिद भएको उपकरणहरु गुणस्तरयुक्त र प्रतिस्पर्धी मुल्यमा खरिद भएको भन्ने आधार कमजोर भएको हुँदा सोको सुनिश्चतताको लागि उक्त उपकरणहरुको गुणस्तर परीक्षण प्रतिवेदन (Post Delivery Inspection Report) पेस हुनुपर्दछ ।

| भौ. नं. र मिति | खरिद सामाग्री | आपुर्तिकर्ताकोनाम | स्पेसिफिकेशनतयारी र स्वीकृति | वारेन्टी भए/ नभएको | PDI गरे/ नगरेको | भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|
| ८५/८१/२/२८ | ए.सि | आदित्य कम्प्युटर सेन्टर | नगरेको | एकिन गर्नुपर्ने | नगरेको | ८९८१२४ |
| २१/८१/३/१९ | सोलारबत्ति | अल्ट्रासन इनर्जी | नगरेको | एकिन गर्नुपर्ने | नगरेको | ७५२९२१ |
| ३६/८०/१२/१ | ल्यापटप | नितुट्रेड कन्सर्न प्रा.लि | नगरेको | एकिन गर्नुपर्ने | नगरेको | २९९९९९ |
| २१/८०/९/१७ | विद्युतीयहाजिर मेसिन | एस.केकम्प्युटर सप्लायर्स | नगरेको | एकिन गर्नुपर्ने | नगरेको | ४९८३१४ |
| जम्मा | | | | | | २४४९३५८ |

२२ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावलीको परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस समबन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन-

| क्र सं | गो.भोर मिति | कामकोविवरण | परामर्शदाता | भुक्तानि रु. | लागतअनुमान |
|---|---|---|---|---|---|
| १ | ३२/८०/१०/२ | प्राविधिकशिक्षालय को डी.पी आर | काजल इन्जिनियरिंग प्रा.लि | ९७७४५० | ४६८८२२६० |
| २ | ३१/८०/१०/२८ | पोलिटेक्निककलेज निर्माण डी.पी आर | इजीवर्ल्ड इन्जिनियरिंग प्रा.लि | ९७१८०० | ४९३००००० |
| ३ | २३/८०/१०/१२ | कबर्डहाल निर्माण डी.पी आर | इन्जिनियरघर प्रा.लि | ४९५०५३ | २०४१७७२३.८४ |
| ४ | ५४/८१/१/९ | कृषिकलेक्सन केन्द्र डी.पी आर | एस.एनग्रुप अफ इन्जिनियरिंग | ४८९३१८ | १५४४७१०८ |
| जम्मा | | | | २९३३६२१ | |

अध्ययन कार्यको लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक सम्बन्धमा शहरी विकास तथा भवन कार्यालयको नर्म्स अनुसार तयार गरेको तर विषय विज्ञको समयको लागि कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।

•कुल विनियोजित रकमलाई नै आधार लिई प्रस्तावना माग गर्दा विनियोजित रकमकै हाराहारीमा प्रस्तावना पेश भएको ।

•लागत अनुमान तयार गर्दा विषय विज्ञको अनुभव ५ वर्षभन्दा बढी, ३ वर्ष देखि ५ वर्षसम्मको अनुभवको आधारमा पारिश्रमिक राखि लागत अनुमान तयार गरेकोमा सोझै खरिद गरेका परामर्श सेवामा आवश्यकता अनुसार विषय विज्ञको अनुभव सम्बन्धमा मूल्यांकन गरेको देखिँदैन ।

•इन्सेप्सन रिपोर्ट र ड्राफ्ट रिपोर्ट पेश नगरी एकै पटक अन्तिम प्रतिवेदन पेश गर्ने गरेको देखिएको ।

२३ **अनुगमन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ख (५) उप प्रमुख को काम कर्तब्य र अधिकार मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिका ले यस बर्ष संचालित योजना मा ऐन मा भएको व्यवस्था अनुरुप निम्नानुसारको योजनामा अनुगमन समितिको संयोजक गाउँ उपाध्यक्षबाट अनुगमन नगरी भुक्तानि गरेको छ । ऐन मा भएको व्यवस्था अनुसार अनुगमन गरि मात्र भुक्तानि गर्नु पर्दछ । केहि उदाहरण:

| भौ. नं. र मिति | कार्य | भुक्तानि पाउने | रकम |
|---|---|---|---|
| १०/८१/२/२४ | वडा कार्यालय भवन निर्माण, बलान बिहुल- ३ | मसानी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि. | २०७१३५५ |
| २४/८१/३/२३ | वडा कार्यालय भवन निर्माण, बलान बिहुल- ३ | मसानी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि. | १७२०५५५ |
| २७/८१/३/२४ | बलान बिहुल पोलिटेक्निक कलेज निर्माण, बलान बिहुल-१ | एस के आर ग्रुप प्रा ली | ८०५०६०० |
| २८/८१/३/२४ | प्राविधिक शिक्षालय, बलान बिहुल-१ | एस के आर ग्रुप प्रा ली | ५४४१८०९ |
| २/८१/३/२३ | वडा नम्बर ३ को धौसी पोखरीको राजेश्वरी मा.बि मा बाउन्ड्री वाल | उपभोक्ता समिति | २८७७६७८ |

## २४ अधुरो निर्माण कार्य

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेसिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने प्रावधान छ। त्यसैगरी नियम ७ मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोगताको लागि खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नु पर्ने र सो गुरुयोजनामा खरिदको प्रकार परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि, अधिकतम प्रतिस्पर्धाको लागि खरिदलाई टुक्र्याइने वा प्याकेज बनाइने भए सोसम्बन्धी व्यवस्था, समग्र खरिद कारबाही पूरा गर्नको लागि गरिने सम्झौताहरुको मोटामोटी संख्या जस्ता कुराहरु उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको कार्यको लागि नियमावली बमोजिम नक्सा, डिजाइन, एकमुष्ट लागत तयार नगरी सालबसाली बजेट विनियोजन गरी बजेट बमोजिमकै लागत अनुमान तयार गरी निर्माण गराउंदै आएको देखिन्छ। पालिकाले यस वर्ष रु२६५७०८९.८ को लागत अनुमान तयार गरी रु. २४१२००७ भुक्तानी गरी कार्य सम्पन्न गरेको छ। त्यसरी काम गराउँदा पुरानो नापी किताब समेतको नापी अधावधिक राखी लागत तयार गरेको छैन जसले एकै काममा दोहोरोपना हुन सक्ने जोखिम समेत रहेको छ। पालिकाले नियमावली बमोजिम एकमुष्ट लागत अनुमान तयार गरी निर्धारित खरिद विधि अवलम्वन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| भौ. नं. र मिति | योजना को नाम | निर्माण व्यवसायी | लागत अनुमान | मुल्यांकन रकम | भुक्तानि रकम |
|---|---|---|---|---|---|
| १४/८०/८/१७ | साबिक वडा २ दास समुदाय भवन को अधुरो भवन निर्माण | उपभोक्ता समिति | १६१६७३४.७२ | १५९९३७८.४५ | १४३९४४० |
| १०८/८१/३/१९ | वडा नम्बर ६ को दर्शन महाराज घर नजिकको अधुरो भवन निर्माण कार्य | उपभोक्ता समिति | ५३९३८५.०८ | ५५६०११.९४ | ४९०००० |
| ८४/८१/२/२७ | वडा नम्बर ३ को देवानन्द गुप्ता को घर अगाडी रहेको अधुरो भोलाबाबा निर्माण कार्य | जनकल्याण कन्स्ट्रक्सन | ५००९७० | ४८२५६७ | ४८२५६७ |
| जम्मा | | | २६५७०८९.८ | २६३७९५७.३९ | २४१२००७ |

## २५ श्रेस्ता पेश नभएको

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्य ऐन, २०७६ दफा ३५(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तिय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । स्थलगत लेखापरीक्षणको क्रममा पटक-पटक माग गर्दा समेत नगर चालु तर्फका निम्नानुसार खर्चका श्रेस्ता एवंम गोश्वरा भौचर पेश नभएकोले पेश गर्नुपर्ने रु.

| गो. भौ . नं र मिति | भुक्तानी पाउने | रकम | भुक्तानी भएको खर्च शीर्षक |
|---|---|---|---|
| ९४- २०८०।०९।०८ | सोनाई सिड सेन्टर | ३००००० | गहुँको बीउ खरिद |
| २४२- २०८१।०१।०९ | विभिन्न | ४५२२२६ | पत्रपत्रीका छपाई तथा सुचना प्रकाशन खर्च |
| ३३३- २०८१।०३।१६ | सगरमाथा सामुदायीक विकास केन्द्र नेपाल | ३४४९८९ | कृषी प्रोफाईल निर्माण कार्य |
| ३५८- २०८१।०३।२१ | विभिन्न | ३९२६७४ | मेशनरी औजार खरिद 18 |
| ३६२- २०८१।०३।२३ | चेक नम्बर ८३२३९४७८ बाट लक्ष्मी सनराईज बैङ्कको नाममा भुक्तानी आदेश जारी भएकोमा भुक्तानी पाउनेहरुको नाम उल्लेख नभएको | १०००००० | घरभाडा खर्च |
| ३६३- २०८१।०३।२३ | चेक नम्बर ८३२३९५०३ बाट लक्ष्मी सनराईज बैङ्कको नाममा भुक्तानी आदेश जारी भएकोमा भुक्तानी पाउनेहरुको नाम उल्लेख नभएको | २००००० | अनुगमन तथा पदाधिकारी बैठक भत्ता |
| १४३- २०८०।१०।०७ | नव दुर्गा डिप जल उपभोक्ता समिति | २६३२७४ | |
| जम्मा | | २९५३१६३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,५३,१६३ |

२६ **बितरण भर्पाई पेश गर्नुपर्ने**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनका लागि तपशिलमा उल्लेखित सामाग्री खरिद गरेकोमा उक्त सामाग्रीहरु कुन-कुन व्यक्ति तथा संस्थाहरुलाई के/कति परिमाणमा वितरण गरेको हो सोको वितरण भर्पाई पेश गरेको नदेखिएकोले सामाग्रीहरुको वितरण भर्पाई पेश गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| ९१-२०८०।०९।०९ | न्यू देवचुली अफसेट प्रेस | पालिका स्तरी अर्धवार्षिक तथा वार्षिक प्रश्नपत्र लगायतका सामग्रीहरु छपाई वापत भुक्तानी दिएकोमा त्यसरी छपाई भएका प्रश्नपत्रहरु कुन-कुन विद्यालयहरुलाई के-कति परिमाणमा वितरण गरेको हो सोको विवरण पेश नभएको | ३१७६९९ |
| १५३-२०८०।१०।१६ | कंकाली भेटेरीनरी सेन्टर | पशुपंक्षी उपचारको लागि ४० प्रकारका औषधीहरु खरिद वापत भुक्तानी दिएकोमा उक्त औषधीहरुको वितरण रेकर्ड पेश नभएको | ३९९९१६ |
| १५८-२०८०।१०।१६ | विजय कुमार महासेठ | ४० पिस कम्बल रु.८७५ दरले खरिद गरे वापत भुक्तानी दिएकोमा खरिद कम्बलहरुको वितरण भर्पाई पेश नभएको | ३५००० |
| २४३-२०८१।०१।१३ | न्यू देवचुली अफसेट प्रेस | प्रश्न सेट ४७०० सेट<br>प्रवेश पत्र ५०० पीस<br>मुल कापी २१००० पीस<br>थप कापी ३५००० पीस<br>छपाई वापत भुक्तानी दिएकोमा उक्त सामग्रीहरुको वितरण भर्पाई पेश छैन । | ३३९८४७ |
| ११४-२०८०।०९।१७ | ओम ट्रेडर्स | जेष्ठ नागरिक सम्मानको लागि ४०५ गम्छा र १११ दोसल्ला खरिद गरेकोमा वितरण भर्पाई पेश नभएको | १९९९३६ |
| जम्मा | | | १२९२९३८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९२,३९८ |

## २७ अन्य कार्यालयहरुको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्र अधिकतम उत्पादकत्व, प्रतिफलमुखि, रोजगारी सिर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्ने क्षेत्रहरुमा बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्नेमा पालिकाले आफ्नो छुट्टै अस्तित्व र बजेट कार्यान्वयन गर्ने अधिकार प्राप्त अन्य कार्यालयहरुको खर्च भुक्तानी दिएको देखियो ।यसरी पालिकाले अन्य कार्यालयहरुले गरेका खर्चको भुक्तानी दिदा आफ्नो क्षेत्राधिकार गर्नुपर्ने कार्यको लागि बजेट अपुग हुने तथा आर्थिक व्ययभार बढ्न जाने हुँदा अन्य कार्यालयहरुको लागि बजेटमा व्यवस्था गरी तथा विभिन्न शीर्षकहरुबाट भुक्तानी दिने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।यसरी भएका खर्चहरुको केहि उदाहरण निम्नानुसार रहेका छन् ।

| गो.भौ.नं र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| १४१-२०८०।१०।०७ | विवेक इन्जिनियरिङ्ग वर्कसप | प्रदेश प्रहरी तालिम केन्द्र राजविराजको भान्सा घर मर्मत | ४७३६८६ |
| २१७-२०८०।१२।२६ | रोमन अटो ट्रेडर्स | जिल्ला राष्ट्रिय अनुसन्धान कार्यालयको गाडी मर्मत | ४६१९३ |

## २८ अनुदानको प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ४० मा कुनै संघ संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो कामको लक्ष्य अनुसार खर्च गरे नगरेको, त्यस्तो रकमको कानून बमोजिम लेखापरीक्षण भए नभएको यकिन गर्नुपर्ने व्यवस्था गरेको छ ।लेखापरीक्षण क्रममा पेश भएका फाइलमा पालिकाले देहायका संस्था लाइ दिएको अनुदान रकमको कार्यप्रगति र लेखापरीक्षण प्रतिबेदन पेश नगरेकोले लक्ष्य अनुसार खर्च गरेको भनि यकिन गर्न सकिएन। पालिका चालु तर्फबाट तपशिल बमोजिमका संस्थाहरुलाई अनुदान दिएकोमा सम्बन्धित संस्थालाई निकाशा गरिएको अनुदान रकमको सहि सदुपयोगको सुनिश्चितता गरी सोको कार्य प्रगति र लेखापरीक्षण प्रतिबेदन पेश गर्नुपर्ने रु.

| गो. भौ . नं र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| १८- २०८०।०७।०२ | आस्था नेपाल | | ७५००० |
| | आसरा सुधार केन्द्र | | ७२००० |
| १९- २०८०।०७।०३ | श्री दुर्गा तारा मल्हनिया विद्यालय | प्रयोजन नखुलेको | ३५०००० |
| ३९- २०८०।०७।२४ | श्री रा. दु . ता . आ . वि मल्हनिया | | २७५००० |
| | श्री रा. प्रा . वि कमलदाहा वलनापट्टि | | २२५००० |
| | जागेश्वर सेहरा मा. वि | | ४००००० |
| ५३- २०८०।०८।१४ | राजेश्वरी मा. वि | शैक्षिक अनुदान | १३०००००० |
| ९७- २०८०।०९।११ | राजेश्वरी मा. वि मौवाहा | डेस्क बेन्च खरिद | २००००० |
| १००- २०८०।०९।११ | राष्ट्रिय आधारभूत विद्यालय वेल्ही | तलब भत्ता | २००००० |
| १४०- २०८०।१०।०२ | जनता मा. वि | निःशुल्क कोचिङ्ग | २३०००० |
| १४२- २०८०।१०।०७ | नेपाल एपिएफ ठाकोदेवी जोगेन्द्र भगत स्कुल निर्माण सहयोग समिती | होस्टल निर्माण | ५००००० |
| २८८- २०८१।०२।१४ | सप्तरी क्रिकेट संघ | खेलकुद कार्यक्रम | ५००००० |
| २११- २०८०।१२।०७ | श्री रा. प्रा . वि दिघिया | | १७९००० |
| | पञ्चायत रजत जयन्त प्रा. वि . | | १००००० |
| | जनता राष्ट्रिय प्रा. वि | | ५०००० |
| २१९- २०८०।१२।१६ | जनता मा. वि रामनगर | निजी स्रोतका कार्यरत शिक्षकहरुको तलब | १०००००० |
| २७०- २०८१।०१।२६ | जय माँ लक्ष्मी कृषि सहकारी संस्था लि. | कम्प्युटर तथा फर्निचर सामग्रीहरु खरिद | २५०००० |
| | जनता आधारभूत विद्यालय | | १००००० |
| | त्रियुगा उद्योग वाणिज्य सँघ | प्रादेशिक महोत्सव | ५०००० |
| ३६७- २०८१।०३।२४ | श्री रा. प्रा . वि दिघिया | | १०००००० |
| | विभिन्न विद्यालय | | २१२७१३ |
| ३५९- २०८१।०३।२३ | राष्ट्रिय दुर्गा तारा विद्यालय | | २००००० |
| जम्मा | | | ७४६८७१३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,६८,७१३ |

## २९ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार विभिन्न विद्यार्थिहरु,कृषक तथा संस्थाहरुलाई नगद अनुदान तथा सामग्रीहरु खरिद गरी वितरण गरेकोमा बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।पालिका चालू तर्फबाट वितरण गरेका अनुदानका केहि उदाहरण तपशिल बमोजिम रहेका छन् ।

| गो.भौ.नं र मिति | भुक्तानी पाउने | प्रयोजन | रकम |
|---|---|---|---|
| ५२-२०८०।०८।१४ | विभिन्न | गाउँपालिकाको उत्कृष्ट विद्यार्थीलाई शिक्षा छात्रवृती अनुदान | २७४२०० |
| ३००-२०८१।०२।२७ | ललन कुमार दास | पठन पाठन | १००००० |
| १९५-२०८०।११।२४ | डाक्नेश्वरी खाद्य बीज भण्डार | विभिन्न कृषकहरुको लागि उन्नत जातको मकै र च्याउको बीउ खरिद | २९९९९० |
| २७०-२०८१।०१।२६ | जय माँ लक्ष्मी कृषि सहकारी संस्था लि. | कम्प्युटर तथा फर्निचर सामग्रीहरु खरिद | २५०००० |

### ३० टुक्रा पारी सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसमान र रु.५ लाख सम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट निर्धारित सीमा भन्दा बढीको मालसामान सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले लागत अनुमान तयार नगरी ३ वटा आपूर्तिकर्तासँग लिखित दरभाउपत्र माग गरी सोझै खरिदमार्फत यस वर्ष मसलन्द तथा कार्यालय सामग्रीहरुको खरिदमा नगर चालु तर्फ रु.४६ लाख ९४ हजाररको खर्च लेखेको छ ।उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा पारी लागत अनुमान तयार नगरी सोझै खरिद गरेको छ ।साथै पालिकाले सामाग्री खरिद गर्दा प्रचलित बजार दररेट एकिन नगरी खरिद गरेको देखियो ।एउटै सामान विभिन्न फर्मसँग फरक फरक दरमा खरिद गरेको देखियो । अतः पालिकाले एउटै प्रकृतिको खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तथा प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ ।

### ३१ मोबाईल खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।साथै अन्य प्रचलित कानूनहरुमा समेत जनप्रतिनिधी तथा कर्मचारीहरुलाई मोबाईल खरिद गरी वितरण गर्नुपर्ने व्यवस्था देखिदैन ।पालिकाले आर्थिक वर्ष २०७९।०८० मा रु.७४११३९ को ३० वटा सेट मोबाईल खरिद गरेको गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ ।साथै पालिकाले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७९।८० भन्दा अगाडिका वर्षहरुमा समेत १७ वटा विभिन्न मोबाइल सेट रु.२०८०००।– खरिद गरेकोमा उक्त सेटहरु क-कसले बुझिलिएका छन् सो जिन्सी अभिलेख पालिकाले राखेको छैन भने यस वर्ष पनि तपशिल बमोजिमका मोबाईल सेटहरु खरिद गरेको छ ।जसले गर्दा वर्षेनी लागत अनुमान तथा स्पष्ट प्रयोजन वेगर मोबाइल खरिद गर्दै वितरण गरेको देखिन्छ ।अतः पालिकाले वर्षेनी मोबाइल खरिद गर्दै वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।साथै यस वर्ष गौ.भौ.नं ३६४ र मिति २०८१।०३।२३ मा विविध खर्च शीर्षक अन्तर्गत खरिद भएमा रु.२१४६८३ बराबरका ३ वटा मोबाईल सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला नभएको र उक्त मोबाइलहरु क-कसले बुझिलिएका सो विवरण श्रेस्तासाथ संलग्न नरहेको हुँदा उक्त मोबाईलहरु PAMS मा दाखिला गरी सोको वितरण भर्पाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१४,६८३ |

### ३२ प्रमाण पेश गर्नुपर्ने

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमका फर्महरुलाई भुक्तानी दिदा आवश्यकता कागजात, बील र प्रमाण बेगर भुक्तानी दिएको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| १८५-२०८०।११।१५ | समृद्धिइनिसिएटिभ कन्सल्टेन्सी प्रा.लि. | ४९६०७० | विपदजोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी विपद प्रतिकार्य योजना निर्माण कार्यकोलागि भुक्तानी दिएकोमा उक्त संस्थाले योजना निर्माण गरी पेश नगरेको साथै उक्तकार्य पालिकाले निर्माण गर्न नसक्नुको कारण उल्लेख नभएको |
| २८२-२०८१।०१।३१ | बलभद्रमिडिया प्रा.लि. | ९८००० | सूचनाप्रसारण गरे वापत भुक्तानी लिएकोमा सोको प्रमाण पेश नभएको |
| २९०-२०८१।०२।१४ | विभिन्न | २००००० | पदाधिकारीबैठक वापत खर्च लेखेकोमा श्रेस्तासाथ भुक्तानी आदेश र खर्चलाई पुष्ट्याई गर्नेकागजात नरहेको |
| ३१०-२०८१।०२।३१ | निलगिरील फर्म | ३५००० | श्रेस्तासाथखर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| ३३०-२०८१।०३।१६ | न्यूसमाज परिवर्तन नेपाल | ९९९७५० | डिटरजेन्टसर्फ र अगरबत्ती बनाउने तालिम संचालन गरे वापत भुक्तानी लिएकोमा खर्चलाईपुष्ट्याई गर्ने कागजात नरहेको |
| ३५०-२०८१।०३।१९ | बजरंगवलीधर्मसंस्कृति खर्च उ.स | २५५००० | श्रेस्तासाथखर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| ३६४-२०८१।०३।२३ | राजेशरेडिमेड सेन्टर | ३४४७५ | भुक्तानीकोप्रयोजन नखुलेको तथा उक्त खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको। |
| | रोदन हार्डवेयर | १९७०० | |
| | रामनारायण यादव | २९५५० | |
| | श्री प्रसाद यादव | १९७०० | |
| | शिवालय किराना पसल | १६४४७२ | |
| ३६५-२०८१।०३।२३ | सोखाशैक्षिक सामग्री स्टोर प्रा.लि. | १९४३६० | खर्चलाईपुष्ट्याई गर्ने कागजात संलग्न नरहेको |
| ३५३-२०८१।०३।२१ | राजेन्द्रप्रसाद यादव | ४५५०५ | श्रेस्तासाथबीजक र खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| | सुविसु केवलनेट प्रा.लि. | १५६९० | |
| ३५७-२०८१।०३।२१ | दिनेशकुमार मण्डल | २००००० | खर्चलाईपुष्ट्याई गर्ने कागजात नरहेको |
| १३-२०८०।०७।०१ | विभिन्न | ८१७८५० | गोश्वराभौचर साथ खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| १४-२०८०।०७।०१ | विभिन्न | २५७१५६ | गोश्वराभौचर साथ खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| ९६-२०८०।०९।११ | विभिन्न | १६२००० | गोश्वराभौचर साथ खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| १९३-२०८०।११।२२ | न्यूसमाज परिवर्तन नेपाल | २९९००० | खर्चलाईपुष्ट्याई गर्ने आवश्यक कागजात नरहेको |
| २२४-२०८०।१२।२८ | सुविशुकेवलनेट प्रा.लि. | २४७०० | श्रेस्तासाथबीजक नरहेको |

| | | | |
|---|---|---|---|
| २३५-२०८१।०१।०७ | युवराजहोटल | ११३९६५ | श्रेस्तासाथबीजक तथा खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| २३८-२०८१।०१।०७ | राजदेवीअटो वक्स | ४९०५२७ | श्रेस्तासाथबीजक लगायत अन्य कागजात नरहेको |
| २३९-२०८१।०१।०७ | रामकुमार यादव | ३२६५० | श्रेस्तासाथखर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| २५७-२०८१।०१।१६ | राजेशरेडिमेड सेन्टर | ३५२१५ | श्रेस्तासाथबीजक लगायत खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| २७४-२०८१।०१।३० | युवराजहोटल | २०५००० | श्रेस्तासाथबीजक लगायत खर्चलाई पुष्ट्याई गर्ने कागजात नरहेको |
| जम्मा | | ५२४५३३५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,४५,३३५ |

३३ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ सूचना प्रकाशन मा रु ४१८००० तथा कार्यलय सामग्री मा रु १५५२७५४ समेत यस वर्ष रु.१९ लाख ७० हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन्।

कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

कन्टिन्जेन्सी रकमबाट, विविध, कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

३४ **पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि-शुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धी व्यवस्था रहेको छ । IEMIS मा प्रविष्टि तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको मूल्यसूचि अनुसारको मूल्यको आधारमा पाठ्यपुस्तकको अनुदान विद्यालयको खातामा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस वर्ष पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई विद्यालयका प्रधान अध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन कार्य गरेको पाईएन ।पालिकाले IEMIS मा प्रविष्ट तथ्यांकको आधारमा १६ वटा विद्यालयहरुलाई प्रथम पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत रु. २१६५७९७.५ र बाँकी नपुग २५ प्रतिशत समेत रु.३६४१४९८.९।- निकासा गरेको छ । यसरी सत्यापन नभएको अवस्थामा विद्यार्थी संख्या IEMIS मा प्रविष्ट तथ्यांकसँग बराबर छन् भन्ने विषयमा आश्वस्त हुन सक्ने अवस्था छैन । पालिकाले निकासा दिएको रकमबाट सबै विद्यार्थीहरुले समयमा नै पाठ्यपुस्तक पाए/नपाएको तथा पालिकाबाट निकाशा भएको रकमको उद्वेश्य अनुसार कार्य भए/नभएको यकिन गर्नुपर्दछ ।

## ३५ शैक्षिक गुणस्तर

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने र यस कार्य अन्तर्गत स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिक बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ ।

## ३६ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार १५ वटा सामुदायिक विद्यालयहरुमध्ये श्री रामजानकी रा.प्रा. पथराहाटोलमा सबैभन्दा कम प्रति शिक्षक विद्यार्थी संख्या २४ जना र श्री राजेश्वरी मा.वि. मौवाहामा सबैभन्दा बढी प्रति शिक्षक विद्यार्थी संख्या १७० जना रहेको छ । तसर्थ, पालिकाले यस्ता न्यून र अधिक फरक भएको विद्यार्थी अनुपात विद्यालयको पहिचान गरी यस्ता विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलान गर्नु पर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | दरबन्दी संख्या | पदपूर्ती | राहत/करार | जम्मा पदपूर्ति | बिधार्थी संख्या | प्रति शिक्षकविद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री दुर्गा ताराआ.वि. मल्हनियाँ | ४ | ४ | १ | ५ | ३४० | 68 |
| २ | रा.प्रा.वि.कमलदाहाबलानपट्टी | ३ | २ | १ | ३ | २३८ | 79 |
| ३ | रा.प्रा.वि. दिघिया | ४ | ४ | ० | ४ | १०० | 25 |
| ४ | भगवती रा.प्रा.वि. चन्ही | २ | २ | १ | ३ | १९८ | 66 |
| ५ | रामजानकी रा.प्रा. पथराहाटोल | २ | २ | १ | ३ | ७३ | 24 |
| ६ | राजेश्वरी मा.वि. मौवाहा | ४ | ४ | १ | ५ | ८५२ | 170 |
| ७ | पंचायत रजत जयन्तीरा.प्रा.वि.दुधैला | ३ | ३ | १ | ४ | ११० | 28 |
| ८ | जनता रा.प्रा.वि.टिकुलिया | २ | १ | ० | १ | ११४ | 114 |
| ९ | जनता आ.वि.बेल्ही | ४ | ४ | ० | ४ | ४४३ | 111 |
| १० | रा.आ.वि.बेल्ही | ३ | ३ | १ | ४ | ३५२ | 88 |
| ११ | सलहेश दलित रा.प्रा.बेल्ही | १ | १ | ० | १ | ४८ | 48 |
| १२ | मदर्शा दारुलओलुम बेल्ही | ० | ० | १ | १ | ६६ | 66 |
| १३ | जनता मा.वि. रामनगरकोदरकट्टी | ६ | ४ | ४ | ८ | ७७४ | 97 |
| १४ | सन्त कविर रा.प्रा.रामनगर कोदरकट्टी | १ | ० | २ | २ | १०० | 50 |
| १५ | जा.ग.ज.मा.वि.सेहरा रौतहट | १३ | १२ | ४ | १६ | १२०४ | 75 |
| १६ | रा.प्रा.वि.रौतहट | ४ | ४ | १ | ५ | १७६ | 35 |
| | जम्मा | ५६ | ५० | १९ | ६९ | ५१८८ | 75 |

३७ **CTEVT अनुदान** (७०-२०८१-३-२१):

प्राविधिक शिक्षा संचालनको लागि स्थानीय तहमार्फर्त अनुदान वितरण मापदण्ड, २०८० को बुदाँ नं. ५ मा अनुदान वितरणमा स्थानीय तहको दायित्व र बुदाँ नं. १ बमोजिमको शिक्षालयको योग्यता संलग्न कागजातहरुको जाँच गर्ने र योग्यता पुगेका शिक्षालयहरुबाट बुदाँ ३ बमोजिम कागजात संलग्न राखी अनुदान माग गरेका शिक्षालयहरुले अनुदान रकमको सदुपयोग हुने/नहुने सुनिश्चितता गर्नुपर्ने व्यवस्था छ । विद्यालयले मापदण्ड अनुसार अनुदान रकम परिचालन गरिने क्षेत्रमा रकम बाँडफाँटको विवरण पेश गर्नुपर्दछ । पालिकाले CTEVT अन्तर्गत जा.ग.ज.मा.वि.सेहरा रौतहटलाई रु.७०००००० अनुदान रकम निकासा गरेकोमा मापदण्डमा उल्लेखित व्यवस्था अनुरुप अनुदान रकमको सदुपयोग भए/नभएको अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्पुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,००,००० |

३८ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

कार्यसम्पादन अनुदान सञ्चालन प्रकृया शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यसम्पादनमा आधारित कार्य सम्पादन अनुदानबाट देहायका विद्यालयलाई निकासा भएको देखिन्छ । साथै नमुना विद्यालयमा सेवा अनुबन्धका आधारमा नियुक्ती हुने प्र.अ र शिक्षकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान बापत रु.५ लाख र नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजनाका लागि रु.४५ लाख निकासा गरेको छ । पालिकाले अनुदानको सहि सदुपयोग भए/नभएको अनुगमन गरी अनुदानको सहि सदुपयोग भएको प्रमाण र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र. सं. | विद्यालयको नाम | शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई प्रोत्साहन अनुदान | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजनाका लागि कार्यसम्पादनमा आधारित अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| 1 | श्री जा ग ज मा वि सेहरा रौतहट | 0 | 45,00,000 | 45,00,000 | |
| 2 | श्री राजेश्वरी मा. वि. मौवाहा | 300000 | | 300000 | |
| 3 | श्री जनता मा वि रामनगर,कोदरकट्टी | 200000 | | 200000 | |
| जम्माः | | ५,००,००० | 45,00,000 | 50,00,000 | |
| | | | | प्रमाण पेश नगरेको | ५०,००,००० |

३९ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । पालिका अन्तर्गत संचालित १६ वटा विद्यालयलाई पालिकाले जम्मा रु. ६६८६००३।- निकासा दिएको छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई विद्यालयका प्रधान अध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन नगराइ निकासा गरेको छ । पालिकाका विद्यालयहरुले विल भरपाई, दैनिकी हाजिरी पुस्तिकाको प्रतिलिपि प्रमाणित गराई पेश गरेका छैनन् । जसले गर्दा वास्तविक विद्यार्थी संख्या यकिन गर्न सकिएन । विद्यालयले विद्यार्थीको हाजिरीको प्रमाणित प्रतिलिपि तथा विल भरपाई पेश नगरेकोले दिवा खाजा बापत निकासा भएको रकम बढि निकासा भएको छैन भन्न सक्ने अवस्था छैन । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित प्रतिवेदन पेश गर्नुपर्दछ ।

४० **संस्थागत विद्यालयहरुको अनुगमन**

संघीय शासन प्रणालीअनुसार माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको जिम्मेवारीमा पर्दछ। सामुदायिक विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने तथा संस्थागत विद्यालयहरुको अनुगमन गर्ने कार्य पालिकाको हो । पालिकाभित्र रहेका ५ वटा संस्थागत विद्यालयहरुको लागि विद्यालय अनुगमन मापदण्ड बनाएको तथा अनुगमन गरेको देखिएन । पालिकाले संस्थागत विद्यालयको अनुगमन नगरेको कारण संस्थागत विद्यालयहरुले बढी दरमा शुल्क लिए/नलिएको तथा गरिब तथा जेहेनदार विद्यार्थीहरुको लागि छात्रवृत्ति प्रदान गरे/नगरेको यकिन गर्न सकिएन । पालिकाले संस्थागत विद्यालय अनुगमन मापदण्ड निर्माण गरी संस्थागत विद्यालयको नियमित अनुगमन गर्नुपर्दछ ।

४१ **औषधि खरिद**

गाउँपालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले संघीय सशर्तको बजेटबाट रु २३९४२५८ बराबरको औषधी खरिद गरेकोमा आवश्यकताको पहिचान गरेको छैन भने मौज्दात एकीन नगरी खरिद गरेको छ ।औषधी खरिद गर्दा माथी उल्लिखित विषयहरु ध्यान दिनुपर्दछ । पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था एकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनु पर्दछ । खरिद भएको औषधी स्वास्थ्य संस्थामा समयमै हस्तान्तरण गर्नुपर्दछ । यद्यपी पालिकाले औषधी खरिद

गरेको देखिएतापनि खरिद आदेश दाखिला रिपोर्ट हस्तान्तरण फारम सम्बन्धि स्रेस्ता पेश भएन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखालाई प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध राख्नुपर्दछ ।कार्यालयले सो सम्बन्धि प्रमाण पेश गर्नुपर्ने रु २३९४२५८

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९४,२५८ |

४२ **स्यानिटरी प्याड खरिद**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को बुदाँ ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले स्यानिटरी प्याड खरिद गरी हेल्थ एण्ड हाइजिन प्रोडक्टस प्रा.लि. लाई रु ४६६३३८ भुक्तानी गरेको छ ।पालिकाले २१५३० स्यानिटरी प्याड रु २०.१३ का दरले खरिद गरेको छ । पालिकाले छात्राको संख्या र खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले छात्राहरुको संख्यासँग भिडान गरी आवश्यकता निर्धारण गरेको छैन । पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । खरिद गरिएका प्याडहरु विद्यालयमा हस्तान्तरण गरे नगरेको फारम संलग्न गरिएको छैन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्च पुष्टि हुने कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले स्यानिटरी प्याडको गुणस्तर परीक्षण गरेको छैन र डिस्पोज गर्ने व्यवस्था समेत मिलाएको देखिएन । पालिकाले स्यानेटरी प्याड समयमै वितरण गरी सम्बन्धित विद्यालयले जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६६,३३८ |

४३ **आमा सुरक्षा कार्यक्रम**

पालिकामा हाल २ वटा प्रसुति केन्द्र सञ्चालनमा रहेका छन् ।पालिका यस आवमा १४० शिशुको जन्म भएको छ ।यस वर्ष पालिकाले आमा सुरक्षा कार्यक्रम अन्तर्गत सुत्केरी यातायात खर्च, प्रोत्साहन भत्ता, स्वास्थ्य चौकी अनुदान गरी रु ५६०४०० खर्च गरेको छ । पालिकाले आमा सुरक्षा कार्यक्रमको HMIS मा प्रविष्टि गरेको छैन । स्वास्थ्य चौकीलाई गएको रु ३५०००० अनुदान रकमको स्वस्थ्य चौकी व्यवस्थापन समितिले लेखापरीक्षण गराउनु पर्ने भएतापनि लेखापरीक्षणको क्रमसम्म लेखापरीक्षण गरेको छैन । पालिकले वित्तिय सुशासन कायम गर्न प्रत्येक वर्ष स्वास्थ्य चौकीले लेखापरीक्षण गराउन लगाई प्रतिवेदन लिनु पर्दछ भने आमा सुरक्षा कार्यक्रमलाई HMIS मा प्रविष्टि गर्नुपर्दछ ।

४४ **न्यानो झोला वितरण कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको आर्थिक वर्ष २०८०।८१ मा सर्शत अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा गरी न्यानो झोलाको लागि अस्पतालहरुको सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतको २ वटा वर्थिङ सेन्टरका लागि यस वर्ष ११० थानको रु ८७४५० बराबरको खरिद गरिएको छ । विगतको मौज्दात, यस वर्षको आवश्यकताको वस्तुनिष्ठ आकलन नगरि न्यानो झोला खरिद गरिएको छ र सोको लामो समय भण्डारण गर्ने उपयुक्त व्यवस्था समेत गरिएको छैन् । न्यानो झोला हस्तान्तरणको भरपाई संलग्न छैन ।आगामी वर्ष न्यानो झोला खरिद गर्दा मौज्दात अवस्था र आवश्यकताको यर्थाथ पहिचान गरेर मात्र गर्नुपर्दछ ।

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७८ अनुसार यस कार्यक्रमको उद्देश्य दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने र आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने रहेको छ । यस पालिकाबाट खर्च भएको जम्मा ३९८५९५६ रोजगारी सिर्जनामा खर्च भएको छ भने ३१६ जनालाई ५९६७ दिन रोजगार प्रदान गरेको छ । रोजगारी सिर्जना अन्तर्गत कुलोपैनी सरसफाइ, ताल तलैया सरसफाइ, बाटो पुर्ने र नयाँ कृषि सडक निर्माण जस्ता कार्यहरु गरिएको छ । यसले अल्पकालिन रोजगारी सिर्जना गरेको छ तर यस प्रकारका कार्यहरुबाट

दीर्घकालीन रोजगारी सिर्जना हुन सक्दैनन् । निर्देशिकाले लिएको उद्देश्य हासिल गर्न अध्ययन अनुसन्धान गरी आन्तरिक रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गरी कार्यक्रमलाई व्यवस्थित गर्नुपर्दछ ।

४६ **स्वकीय सचिव**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन।साथै ऐनको दफा १४ मा ऐनले तोकेको सेवा सुविधा बाहेक थप अन्य सेवा सुविधा नपाउने भनि व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ।तर बलान बिहुल गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुवैले स्वकीय सचिव राखि अध्यक्ष स्वकीय सचिव लाई मासिक रु. १८००० का दरले बर्षभरी रु. २१६००० र उपाध्यक्ष स्वकीय सचिवलाई मासिक रु.१५००० का दरले वर्षभरी रु.१८०००० समेत एकमुष्ट रु.३९६००० खर्च लेखेको छ।पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन भन्दा फरक हुने गरी गरिएका यस्ता खर्च नियन्त्रण गरिनु पर्छ।

४७ **सवारी साधन तथा मेशिनरी औजार भाडा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिती गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी विवरण, स्पेशिफिकेशन, अवस्था र आयु, प्रचलित बजार,भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ । तर पालिकाले यो वर्ष कार्यालय प्रयोजन तथा उपाध्यक्षको सुविधाको लागि सवारी साधन भाडामा लिई रु.२५५१४५०।– खर्च लेखेको छ । उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयारी गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो ।यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले खर्च रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,५१,४५० |

४८ **दोहोरो सुविधा**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारीहरु तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम यातायात खर्च उपलब्ध गराईएको पदाधिकारी तथा सदस्यले सवारी साधन, ईन्धन र मोबिल खर्च नपाउने व्यवस्था रहेको छ ।अर्थात यातायात सुविधा वापतको खर्च वा सवारी साधन दुई मध्ये एक सुविधा लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्षको सुविधाको लागि सवारी साधन भाडामा लिई रु.९९१३३३।- खर्च लेखेकोमा थप गाउँपालिकाका उपाध्यक्षले यातायात सुविधा वापत मासिक रुपमा रु.१४५००।- यातायात खर्च लिएको देखिएकोले उक्त यातायात खर्च वापत वार्षिक रुपमा भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७४,००० |

४९ **गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको विविध खर्च**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारीहरु तथा सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७७ अनुसार स्थानीय तहका पदाधिकारीहरु तथा सदस्यहरुले अतिथी सत्कार वापत मासिक रुपमा सुविधा रकम पाउने व्यवस्था रहेको र सोही व्यवस्था अनुरुप यस पालिकाका पदाधिकारीहरु तथा सदस्यहरुले अतिथी सत्कार वापत मासिक रुपमा सुविधा वापतको रकम भुक्तानी लिईरहेको अवस्थामा पालिकाले यस वर्ष गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षको विविध खर्च शीर्षकमा बजेट विनियोजन गरी खर्च लेखेको अध्यक्षको विविध खर्च रु.१५९६७८८।– र उपाध्यक्षको विविध खर्च रु.६५००००।– गरी जम्मा रु.२२४६७८८ विविध खर्च लेखेको छ ।अतः प्रचलित कानून अनुसार सेवा सुविधाको रकम लिईरहेको अवस्था विविध खर्च शीर्षकमा पद नै उल्लेख गरी बजेट विनियोजन गरेर खर्च गरेकोले नियमसम्मत देखिदैन । अतः पालिकाले यस किसिमले बजेट विनियोजन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५० **सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली, २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिति,२०७४, सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष रु.१२३९०३१४८।– खर्च निकासा गरेको छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

५०.१ मृत्यु भई लगत कट्टा भएका लाभग्राहीहरुको लक्ष्मी सनराइज बैंकले २०८१।०५।२३ मा रु.५७३१९० र दोस्रो चोटी बैंकले रु.१५३६९६।– फिर्ता गरेकोमा पालिकाले बैंकबाट फिर्ता भएको रकम संघीय संचित कोषमा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,६९६ |

५०.२ पञ्जिकरण शाखाले दिएको जानकारी अनुसार सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम आ.व. २०८०।८१ को लागि ४ किस्ता वापत रु.१२१३६३६७८।- EFT मार्फत निकासा भएको छ । तर कोलेनिकाको आलेप अनुसार सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु. १२३९०३१४८ खर्च देखाएको छ । पालिकाले पठाएको EFT र कोलेनिकाको आलेपबाट भएको खर्च रकम रु.२५३९४७०।- ले फरक भएकोमा यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

५१ **लगत कट्टा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ ११(१) मा पालिकाले अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट हटाई मुल अभिलेखमा जनाउनु पर्ने व्यवस्था छ। बुदाँ ११(२)मा लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा हकवालाले ३५ दिन भित्र दर्ता गराउनु पर्ने र विवरण अध्यावधिक गरी लगत कट्टा गराउनुपर्ने र लाभग्राहीले लगत कट्टा नगरेमा पालिकाका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयले लगत कट्टा गरी पालिकालाई जानकारी गराई अध्यावधिक गर्नुपर्नेमा गरेको छैन। पालिकाले वडाका पदाधिकारीलाई परिचालन गरी कार्यविधिको पालना गरी बैँकमा गएर डम्पिङ्ग हुन सक्ने अवस्थालाई सुधार गर्नुपर्नेमा पालिकाले गरेको छैन ।

५२ **डोरमेन्ट खाता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ । यस वर्ष विभिन्न खाता रिजेक्ट भएकाले पालिकाले निष्कृय खाताको विवरण माग गरी खाता अद्यावधिक गर्नु पर्दछ ।

५३ **करार तथा अन्य सेवा शुल्क**

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानिय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरवन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरवन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष पालिका तथा वडा करार तर्फ ४८ जना, नगर प्रहरी तर्फ ११ जना, स्वयंसेवक शिक्षक तर्फ १३ जना र ज्यालादारीमा ४५ जनालाई करार तथा डोर हाजिरीमा नियुक्ती गरी पारिश्रमिक वापत रु.२१७३६३८०।– खर्च लेखेको छ ।पालिकाले करार तथा डोर हाजिरीमा नियुक्ती गरेका कर्मचारीहरुको नियुक्ती प्रक्रिया, करार नवीकरण,उनीहरुको योग्यताको विवरण, प्रमाणित डोर हाजिरी र कार्यस्थलको स्पष्ट विवरण संलग्न छैन।त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक,कार्यालय सहयोगी, पलम्वर, इलेक्ट्रिसियन, चौकिदार, मालि तथा बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।तर पालिकाले माथि उल्लेखित पद बाहेक सब-इन्जिनियर,

कम्प्युटर अपरेटर र प्राविधिक सहायक लगायताका पदहरुमा समेत करार तथा डोर हाजिरीमा नियुक्ती गरी पारिश्रमिक भुक्तानी दिएको देखिन्छ ।अतः प्रचलित ऐन विपरीत करारमा कर्मचारी नियुक्ती गरी पालिकालाई थप व्ययभार पार्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५४ **दोहोरो सुविधा**

सवारी धनी बिमल देव यादव संग सवारी साधन बहालमा लिइएको र सवारी संगै सवारी चालकको लाईसेन्स अनिवार्य हुनुपर्ने, सवारी साधनमा लाग्ने इन्धन,डिजेल,मोबिल तथा मासिक रु.१००००।–सम्मको मर्मत सम्भार कार्यालयले नै व्यहोर्ने तथा मासिक भाडा रु.१२००००।– हुने बिषय सम्झौतापत्रमा उल्लेख रहेकोले चालकको पारिश्रमिक समेत सोहि भित्र समेटिएको देखिन्छ। पालिकाले निज सवारी धनीलाई थप ज्यालादारीमा नियुक्त गरी यस वर्ष रु.२३३२६५।– पारिश्रमिक भुक्तानी दिएको दिएको देखिएकोले सो बापतको रकम दिन मिल्ने देखिदैन । निजलाई दिएको पारिश्रमिक दोहोरो सुबिधा देखिन गएकोले सो रकम असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३३,२६५ |

५५ **भुक्तानी आदेश**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले यस विभिन्न खर्चहरुको भुक्तानी दिदा चेक मार्फत बैकको नाममा भुक्तानी आदेश जारी गरी भुक्तानी दिएकोमा श्रेस्ता साथ संलग्न अधिकांश खर्च फाँटबाँरीहरुमा भुक्तानी आदेश संलग्न नगरी खर्चका फाँटबारी तथा लेजर मात्र संलग्न रहेको देखिन्छ । जसले गर्दा कुन-कुन व्यक्ति तथा फर्महरुलाई के-कति रकम भुक्तानी भयो र खर्चको फाँटबारी बमोजिमकै रकम बराबरले भुक्तानी भयो वा भएन सोको विश्लेषण गर्न सकिदैन ।अतः पालिकाले चेक मार्फत बैकको नाममा भुक्तानी आदेश जारी गरी भुक्तानी गर्ने परिपाटीलाई अन्त्य गरी EFT को माध्यद्धारा भुक्तानी गर्नुपर्दछ ।साथै खर्च लेख्दा खर्चको फाँटबारीसाथ बैकलाई दिएको भुक्तानी आदेश संलग्न गर्नुपर्दछ।

५६ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। पालिकाले अतिरिक्त कार्य तथा प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी नबनाई कार्यपालिकाको निर्णयलाई मात्र आधार लिएर पालिकाका विभिन्न कर्मचारीहरुलाई रु.८३७३७०।– प्रोत्साहन भत्ता भुक्तानी दिएको देखिन्छ ।अतः यसरी अतिरिक्त कार्य लगायतका अन्य प्रोत्साहन भत्ता प्रदान गर्दा उचित कार्यविधी बनाई कर्मचारीहरुको कार्यसम्पादन, वार्षिक लक्ष्य तथा प्रगति हासिल गर्न कर्मचारीहरुले पुर्याएको योगदान,अतिरिक्त कार्य समय तथा पालिकाको आन्तरिक आम्दानी, कार्य सूचकहरु जस्ता विषयहरुलाई समेटी प्रोत्साहन भत्तालाई मितव्ययी र प्रभावकारी तवरले व्यवस्थित गर्नुपर्दछ ।

५७ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी २२ जना स्थायी कर्मचारीहरुको तलब भत्तामा रु.१२७६३६६९।- खर्च गरेको छ ।यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलब भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन ।कानुन अनुकुल तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

५८ **अनुगमन तथा बैठक भत्ता**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बील,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। पालिकाले यस वर्ष पदाधिकारीहरु तथा कर्मचारीहरुको अनुगमन तथा बैठक भत्तामा रु.२३१७७००।– खर्च लेखेको छ। पदाधिकारीहरु तथा कर्मचारीहरुले नियमित रुपमा गर्नुपर्ने कार्यहरुको लागि समेत बैठक बसेको

तथा विभिन्न योजनाहरुको अनुगमन गरेको भनी भत्ता लिएको मनासीव देखिदैन ।अतः पालिका स्पष्ट एजेण्डा र कामकारबाही बिना बैठक तथा अनुगमन भत्ता लिने परिपाटिलाई नियन्त्रण गर्नुपर्दछ।

## ५९ गैरसरकारी संस्थाबाट काम

सार्वजनिक खरिद नियमावालीको नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ। र त्यसरी गराउँदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने भनिएको छ।लेखापरीक्षण क्रममा पेश भएका देहायका फाइलमा पालिकाले नियमावली बमोजिमको कार्यक्षेत्रगत शर्त, लागत अनुमान, सूचना प्रकाशन जस्ता प्रक्रिया पुरा नगरी बजेटलाई मात्र आधार बनाई गैर सरकारी संस्था बाट गरेको काम नियम संगत मान्न सकिदैन । गैर सरकारी संस्थाबाट भएका कार्यहरुको केहि उदाहरण निम्नानुसार रहेका छन्

| गो.भौ.नं र मिति | भुक्तानी पाउने | कार्यक्रम | रकम |
|---|---|---|---|
| १५४-२०८०।१०।१६ | स्मार्ट सि.ए.डि एकेडेमी प्रा.लि | सार्वजनिक खरिद सम्बन्धी तालिम | २९६०६० |
| ३३०-२०८१।०३।१६ | न्यू समाज परिवर्तन नेपाल | डिटरजेन्ट बनाउने तालिम | ४९९८०० |
| | | अगरबत्ती बनाउने तालिम | ४९९९५० |
| ७८-२०८०।०८।२७ | न्यू प्रोगेसिभ एक्स नेपाल | हारपिक तथा फिनेल बनाउने तालिम | ४१८००० |
| १९७-२०८०।११।२४ | एस.के विशेषज्ञ परामर्श | कृष्टलका गहना बनाउने तालिम | ९९४४०० |
| १९३-२०८०।११।१२ | न्यु समाज परिवर्तन नेपाल | वडा नं १ मा जनचेतना तथा सीपमूलक कार्यक्रम | २९९००० |
| ३४०-२०८१।०३।१७ | त्रिशक्ति टेक्नोलजि कम्पनी प्रा.लि | घटना दर्ता डिजिटाइजेशन कार्य | २९९९२५ |

## ६० बढि भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी खर्च भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।गो.भौ.नं ३५० र मिति २०८१।०३।१९ मा विसुन देव मघैयाले वडा नं २ को वडा संचालन खर्च वापत रु.१३४४०० को मात्र बील ,भर्पाईहरु पेश गरेकोमा रु.१४७७५० भुक्तानी गरेको देखियो । अतः बढि भुक्तानी भएको रु.१३३५० निजबाट असुल उपर गर्नुपर्ने रु.१३३५०

| असुल गर्नुपर्ने | १३,३५० |
|---|---|

## ६१ भ्रमण अभिलेख एवं प्रतिवेदन

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी भ्रमण रु.१९४६०९६ खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको देखिएन साथै भ्रमणको उद्धेश्यमा कार्यालय कामकाज उल्लेख भए तापनि सो कामलाई प्रमाणित गर्ने कागजात संलग्न गरेको छैन । अतः नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ६२ विविध खर्च

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बील,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । यो वर्ष खाना,खाजा,सहायता वितरण,पुजापाठ लगायत विविध शीर्षकमा पालिकाले

रु.७४१२८७६।- खर्च गरेको छ ।यसरी खर्च लेख्दा खर्च गरेको रकमको विल र भुक्तानी पाउनेको निवेदन पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गरेको नदेखिएकोले विविध खर्च रकम वास्तविक र नियमसम्मत छ भनी आश्वस्तता हुन सकिदैन ।पालिकाले गोश्वरा भौचर साथ बिल मात्र राखि बिलकै आधारमा विभिन्न व्यक्तिहरु तथा फर्महरुलाई भुक्तानी भएको देखिन्छ ।विविध शीर्षकबाट खर्च गर्न सकिने क्रियाकलापहरुको योजना, लागत अनुमान, टिप्पणी अनुमोदन गरी कार्यक्रममा भएको खर्च, होटल बास, अतिथि सत्कार जस्ता कार्यक्रममा कहाँ,कसलाई ,कहिले,के कति खर्च गरेको सोको स्पष्ट आधारको रुपमा प्रमाण स्वीकृत तथा आन्तरिक आम्दानीलाई समेत विचार गरी खर्च लेख्नुपर्ने र उचित कारण तथा औचित्य बिना बिल पेश गरेकै भरमा भुक्तानी दिने परिपाटिमा नियन्त्रण गर्न जिम्मेवार पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

६३ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र ५ लाख सम्मको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायीसँग तोकिएको सीमा भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा रु.१९९१२६६- खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।पालिकाले भुक्तानी दिएका अधिकांश पत्रपत्रिकाले सूचना प्रकाशनको स्पेशिफिकेशन नखुलाई एकमुष्ट बील जारी गरी भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी दिदा प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द ,रंगीन वा स्यामस्वेत र सीसी तथा छुट सुविधा जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान दिनुपर्दछ । साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानून बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामूलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज ,SMS लगायतका सामाजिक सञ्चालहरुबाट सम्प्रेषण गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

६४ **वडा संचालन खर्च**

पालिकाले यस वर्ष वडा संचालन खर्च बापत विभिन्न शीर्षकहरु जस्तै खाजा,नास्ता, इन्धन, मसलन्द तथा कार्यालय सामाग्री,सहायता वितरण, मर्मत तथा सम्भार जस्ता शिर्षकमा रु.२८६९९०१।- खर्च गरेको छ ।यस्तो खर्च वडाका विभिन्न कर्मचारीहरुले बील पेश गरेकै आधारमा उनीहरुको नाममा भुक्तानी भएको देखिन्छ भने वडाबाट खरिद भएका धेरैजसो मसलन्द सामग्रीहरु जिन्सी दाखिला गरेको छैन ।तसर्थ यस किसिमका खर्चमा के कस्तो कामका लागि कति खर्च गर्ने,विविध प्रकृतिका खर्चहरुलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयमा उचित मापदण्ड अपनाइ नियन्त्रण गर्नुपर्दछ ।पालिकाले वडाहरुमा शीर्षक अनुसार बजेट विनियोजन नगरी एकमुष्ट विविध,वडा संचालन जस्ता शीर्षकबाट खर्च लेखेको छ। यसबाट कुन शिर्षकमा कति र स्वीकृत बजेटको सीमा भित्र रहेर खर्च भयो कि भएन भनेर यथार्थ मूल्याकंन गर्न नसकिने हुँदा नेपाल सरकारको आर्थिक संकेत,वर्गीकरण र व्याख्या बमोजिम बजेट विनियोजन र खर्च लेख्नु पर्दछ । साथै वडाहरु र कार्यालयलाई वार्षिक रुपमा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामाग्रीहरुको अनुमान गरी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने र खरिद भएका सामाग्रीहरुलाई PAMS प्रविष्ट गरी प्रत्येक वडाहरुमा हस्तान्तरण गर्नुपर्दछ ।

६५ **इन्धन कार्यालय प्रयोजन**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष इन्धन कार्यालय प्रयोजनार्थ रु.३३५१३३७।- खर्च लेखेको छ ।यसरी खर्च लेख्दा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्नेमा राखेको पाइएन ।पालिकाले पेश गरेको सवारी साधन विवरण अनुसार १ वटा स्कोरपियो, १ वटा ट्रयाक्टर, २ वटा स्कुटर, २० वटा मोटरसाईकल तथा २ वटा भाडाका चारपाङ्ग्रे सवारी साधन रहेका छन् ।लेखापरीक्षणको क्रममा कुन-कुन सवारीसाधनमा के कति मात्रामा इन्धन खपत भएको छ भनी इन्धन खपतको लगत पेश गर्न भनिएकोमा पालिकाले उपलब्ध नगराएको हुँदा इन्धन खर्च मितव्ययी तरिकाले उपयोग भएको छ भनि एकिन गर्न सकिदैन । अतः पालिकाले इन्धन खर्च लेख्दा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक यस्तो खर्चलाई व्यवस्थित गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

## ६६ ईन्धन पदाधिकारी

स्थानिय तहका पदाधिकारीहरुले पाउने सेवा सुविधा अन्तर्गत पालिका अध्यक्ष तथा उपाध्यक्षले यातायात सेवा सुविधा वापत सवारी साधन र अन्य पदाधिकारीहरुले सुविधा वापतको रकम लिएको देखियो ।स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन, २०७७ अनुसार अध्यक्ष तथा उपाध्यक्षले महिनाको १०० लि. इन्धन र चौमासिक १० लिटर मोबिल पाउने व्यवस्था रहेकोमा वार्षिक २४०० लि. इन्धन र ६० लि. मोबिल खपत हुन जान्छ ।जसले गर्दा २४०० लि. डिजल इन्धनको औषत प्रतिलिटर रु.१४५ को दरले रु.३४८००० र मोबिलको औषत प्रतिलिटर रु.७०० का दरले रु.४२००० गरी वार्षिक रु.३९००००।- मात्र खर्च हुने देखिन्छ । पालिकाले इन्धन पदाधिकारी शीर्षकमा रु.१४९६०२३ खर्च गरेको देखिन्छ । पालिकाले इन्धन पदाधिकारी शीर्षकमा खर्च लेखेको इन्धन पदाधिकारीहरुको लागि मात्र हो वा पालिकाका अन्य सवारीसाधन समेत खर्च भएको हो सो सम्बन्धमा एकिन हुन सक्नदैन ।अतः यसरी मापदण्ड भन्दा बढि खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्दै मापदण्ड भित्रै रहेर यस किसिमको खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

## ६७ सवारी साधन र मेशिनरी औजार मर्मत तथा सम्भार खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.२७४३१५२ र मेशिनरी तथा औजार मर्मत सम्भारमा रु.८३२०६४ गरी जम्मा रु.३५७५२१६।- को सवारी तथा मेशिनरी औजार मर्मत सम्भारमा खर्च लेखेको छ ।यसरी मर्मत गर्दा सम्बन्धित व्यक्तिहरुबाट मर्मत गर्नुपर्ने मनासिव कारण सहितको मर्मत आदेश फाराम तथा प्राविधिक पक्षबाट मर्मत गर्न लाग्ने लागत अनुमान तयार प्रतिस्पर्धात्मक र मितव्ययी तवरले मर्मत सम्भार गराउनुपर्नेमा सो बमोजिम गरेको देखिदैन भने मर्मत सम्भार गरिएका सवारी साधन तथा मेशिनरी औजारहरु वापतको खर्चलाई पूर्ण रुपमा PAMS मा प्रविष्ट गरी मर्मत आदेश फारम भरिएको छैन जसले गर्दा सवारी साधन मर्मत तथा मेशिनरी औजारको सम्भारमा भएको खर्च यथार्थपरक हो भनी आश्वस्तता हुन सकिदैन। अतः पालिकाले सवारी साधन र मेशिनरी औजारको मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तयार तथा प्रचलित कानूनको पालना गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

## ६८ आन्तरिक राजश्व व्यवस्थापन

पालिकाको सुत्र प्रणाली अनुसार पालिकाले यस आ.व.२०८०।८१ मा निम्नानुसार जम्मा रु.२१७५९६७.२८ राजश्व संकलन भएकोमा यसको विस्तृत अभिलेख तयार नगरेकोले कुन शीर्षकबाट के/कति राजश्व संकलन भएको यकिन गर्न सकिएन । पालिकामा राजश्व संकलन गर्न RMIS प्रणाली लागु भएकोमा सम्पूर्ण राजश्व RMIS प्रणालीबाट कर संकलन गर्नुपर्नेमा पालिकाले साङ्ग्रिला प्रणाली प्रयोग गरेको छ । पालिकाले पालिकाको आर्थिक ऐन, २०८० ले तोकिएको करको दर अनुसार संकलन भए/नभएको यकिन गर्नुपर्दछ ।

| क्र.सं. | संकलन कर्ता | रकम |
|---|---|---|
| १ | बलान-विहुलगाउँपालिका, सप्तरी | ९,५५,२७८.३७ |
| २ | बलान-विहुलगाउँपालिका,१ नं. वडा कार्यालय, सप्तरी | २,६१,७६४.०८ |
| ३ | बलान-विहुलगाउँपालिका,२ नं. वडा कार्यालय, सप्तरी | १,७४,३९९.९० |
| ४ | बलान-विहुलगाउँपालिका,३ नं. वडा कार्यालय, सप्तरी | २,४२,२४९.७८ |
| ५ | बलान-विहुलगाउँपालिका,४ नं. वडा कार्यालय, सप्तरी | २,२०,५०८.०६ |
| ६ | बलान-विहुलगाउँपालिका,५ नं. वडा कार्यालय, सप्तरी | २,१७,३०४.०८ |
| ७ | बलान-विहुलगाउँपालिका,६ नं. वडा कार्यालय, सप्तरी | १,०४,४६३.०१ |
| जम्मा | | २१,७५,९६७.२८ |

६९ **लगत अद्यावधिक गरी नराखेको**

पालिकाले राजस्व बक्यौता अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकिन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

७० **राजश्व परामर्श समिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ (१) मा राजश्व परामर्शको लागि उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा एक राजश्व परामर्श समिति रहने व्यवस्था रहेको छ । दफा (२) बमोजिम उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानुनको तर्जुमा संशोधन परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । सो अनुसारको कार्य भए/नभएको सम्बन्धमा विवरण पेश हुन आएन । कानुनको व्यवस्था अनुसार राजस्व श्रोतको पहिचान र उचित परिचालन गरी राजस्व क्षमता बढाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७१ **राजश्व अभिलेख**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा अनुसार वित्तीय विवरण सम्बन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शीर्षक जनाई अभिलेख राखेको छैन । साथै राजश्व जम्माको बैंक दाखिला विवरणको आधारमा म. ले. प. फारम नं. १०६ (क), राजस्व आम्दानीको दैनिक गोश्वरा खाता म.ले.प. फारम नं. १०५ र म. ले. प. फारम नं. १०८ को राजश्व अम्दानी बैंक नगदी किताब तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

७२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले पालिकाले आन्तरिक आयको असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

७३ **फोहोरमैला व्यवस्थापन**

पालिकाले आर्थिक ऐन,२०८० लेखापरीक्षणको क्रममा पेश भएन । पालिकाले दिएको जानकारी अनुसार गाउँ सभाले आर्थिक ऐन, २०७९ लाई संशोधन नगरीकन त्यसलाई नै अनुमोदन गरेको छ । बलान बिहुल गाउँपालिका आर्थिक ऐन, २०७९ को दफा १२ ( अनुसूची-१० सरसफाई शुल्क) मा प्रति घर सरसफाई शुल्क प्रति महिना रु.१५ र प्रति पसल सरसफाई प्रति महिना रु.२५ का दरले शुल्क लाग्ने व्यवस्था गरेको छ । तर पालिकाले फोहोरमैला व्यवस्थापन वापत कूनै पनि कर संकलन गरेको छैन पालिकाले फोहोरमैला व्यवस्थापन वापत कर लिने तर्फ ध्यान दिनुपर्दछ ।

७४ **व्यवसायमा दर्ता नभएको फर्म**

पालिकाको आर्थिक ऐन २०८० मा व्यवसाय कर सम्बन्धी व्यवस्था छ । आव २०८०।८१ मा घरेलु तथा साना उद्योग सप्तरीमा निम्नानुसारको व्यवसाय दर्ता गरेको फर्महरू पालिकामा दर्ता नभएको पाइयो । अत: पालिकामा निम्नानुसारको फर्महरू दर्ता गराई करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ ।

| क्र.सं. | व्यवसायीको नाम | वडा नं. |
|---|---|---|
| १ | हरि राइसमिल | २ |
| २ | जयराम एकिकृत कृषि तथापशुपंक्षी फर्म | ३ |
| ३ | जय बाबाधर्मराज कृषि मत्सय तथा पशुपालन फर्म | ५ |
| ४ | रजनिस कृषितथा पशुपंक्षी फार्म | ३ |
| ५ | गुलमिनीराइसमिल उद्योग | १ |
| ६ | दास कृषितथा माछापालन | १ |

७५ **प्राबिधिक शिक्षालय निर्माण**

पालिकाले प्राबिधिक शिक्षालय निर्माण कार्य ठेक्का नम्बर २०८०/८१/३ मार्फत निर्माण व्यवसायी एस.के.आर.ग्रुप प्रा.लि सँग रु २ करोड ७१ लाख १३ हजार को २०८३ असार १५ मा कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

७५.१ मोबिलाइजेसन पेश्की असुल गर्नु पर्ने : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायिले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले पेश्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्यौंट गर्नु पर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशतले ब्याज समेत असूलउपर गर्नु पर्ने व्यवस्था छ । पालिका ले मोबिलाइजेसन पेश्की बापत रु २७१४००० दिएकोमा रु १३५७००० पेश्की बापत जमानत को म्याद २९ मे २०२५ सम्म रहेकोले नियमाबली बमोजिम समयमा रनिङ्ग बिल भुक्तानी गर्दा पेश्की फछ्यौट गर्नुपर्दछ ।

७५.२ **गुणस्तर आश्वस्तता :** निर्माण व्यवसायी संग भएको सम्झौता मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा कंक्रिट को २८ दिन को Compressive Strength हुनु पर्ने उल्लेख छ । कार्यलय ले निम्नानुसार को कार्य को गुणस्तर परीक्षण नगराई भुक्तानि गरेको पाइयो । अतः संरचना निर्माण कार्यमा प्रयोग गरिने क्रंक्रिट, अपेक्षित गुणस्तर कायम भएको छ भनेर यकिन गर्ने आधार देखिएन ।

| कार्य | परिमाण | दर | भुक्तानि रकम | मु.कर समेत भुक्तानि |
|---|---|---|---|---|
| M२५ | ७०.२० | १३५०० | ९४७७०० | १०७०९०१ |

७६ **नमुना बिद्यालय भवन निर्माण**

पालिकाले प्राबिधिक शिक्षालय निर्माण कार्य ठेक्का नम्बर २०७८/७९/१६ मार्फत निर्माण व्यवसायी ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि सँग रु ७ करोड ९० लाख १८ हजार को २०८२ असार १५ मा कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

७६.१ कार्य प्रगतिः सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८२।१।१५ मा सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायिले उक्त कार्यको दोश्रो रनिंग बिल सम्म रु १५७४१३५६.५१ भुक्तानी लिएको छ । सम्झौता वमोजिम २०८१/३/१५ मा समयावधि समाप्त भएकोमा सम्झौता बमोजिम कार्य न्यून रहेको छ । सम्झौता भएको अवधिमा निर्माण कार्य सम्पन्न गर्ने तथा कार्यातालिका वमोजिम कार्य नभएको सम्वन्धमा पालिकाले समेत निर्माण व्यवसायिलाई पत्राचार गरेको देखिदैन ।

७६.२ **गुणस्तर आश्वस्तता :** निर्माण व्यवसायी संग भएको सम्झौता मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा कंक्रिट को २८ दिन को Compressive Strength हुनु पर्ने उल्लेख छ । कार्यलय ले निम्नानुसार को कार्य को गुणस्तर परीक्षण नगराई भुक्तानि गरेको पाइयो । अतः संरचना निर्माण कार्यमा प्रयोग गरिने क्रंक्रिट, अपेक्षित गुणस्तर कायम भएको छ भनेर यकिन गर्ने आधार देखिएन ।

| कार्य | परिमाण | दर | भुक्तानि रकम | मु.कर समेत भुक्तानि | कैफियत |
|---|---|---|---|---|---|
| M२० | ११८.१३ | १५५०० | १८३१०१५ | २०६९०४६.९५ | दोश्रो रनिंग बिल |

७७ **ट्युवेल तथा बोरिंग जडान कार्य**

पालिकाले खानेपानी ट्युवेल तथा बोरिंग जडान कार्यको लागि रु १२८९२९५० खर्च लेखेकोमा देखिएको ब्योहरा निम्नानुसार रहेको छ :

| गो.भो र मिति | विवरण | भुक्तानि पाउने | रकम |
|---|---|---|---|
| ४/ ८०/ ७/ २४ | वडा १ को सम्पुर्ण वडा भरीका विपन्न घरपरिवार लाई खाने पानी खरिद तथा जडान कार्य | खानेपानी जडान उपभोत्ता समिति | ८७४७४३ |
| ९/ ८०/ ८/ १३ | खानेपानी जडान कार्य | नविनतम टयुवेल जडान उपभोत्ता समिति | ७६४०७४ |
| ९९/ ८०/ ३/ १९ | खानेपानि गा पा अध्यक्षव्दारा | आरब कृति कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९२५२०१ |
| ६५/ ८१/ २/ १४ | वडा नं. १ को सम्पूर्ण वडा भरिका विपन्न घर परिवारलाई खानेपानी खरिद तथा जडान कार्य | शक्ति निर्माण सेवा | ६६७८९३ |
| ५७/८१/ १/ १३ | वडा नं. २ को लागि खानेपानी टुवेल जडान कार्य | श्री ब्रहम बाबा खानेपानी टुवेल जडान उपभोत्ता समिति | ८६८१४१ |
| ११०/ ८१/ ३/ १९ | वडा नं. ५ को लागि खानेपानी टुव्यल जडान कार्य | इन्द्र खानेपानी टयुवेल उपभोत्ता समिति | ६७३०७३ |
| १५/ ८०/ ८/ ७ | खानेपानी टुवेल खरिद तथा जडान कार्य | सानो टयुवेल उपभोत्ता समिति | १७०१८२४ |
| ६३/ ८१/ २/ १ | गाउँपालिकाको सवै वडाहरुमा सिचाई बोडिङ्ग निशुल्क वितरण तथा जडान कार्य समेत | श्री बलानमाई बोर्डिङ्ग जडान उ स | २२१४१२१ |
| ९३/ ८१/ ३/ ४ | गाउँपालिकाको सवै वडाहरुमा सिचाई बोडिङ्ग निशुल्क वितरण तथा जडान कार्य समेत | श्री बलानमाई बोर्डिङ्ग जडान उ स | १६४६७१३ |
| ३५/ ८०/ ११/ २४ | साना सिचाँई बोर्डिङ्ग खरिद र वितरण कार्य | साई वावा हार्डवेयर | ६३६४०४ |
| ३३/ ८०/ ११/ ४ | खानेपानी (गा.पा. अध्यक्षद्वारा) | जय महन्थ बाबा उपभोत्ता समिति | १०९०२११ |
| ६६/ ८१/ १/ ३१ | खानेपानी (गा.पा. अध्यक्षद्वारा) | जय महन्थ बाबा उपभोत्ता समिति | ८३०५५२ |
| जम्मा | | | १२८९२९५० |

७७.१ **सम्भावित प्याकेज तयार नगरी कोटेशन तथा उपभोक्ता समिति बाट खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने,

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु १० करोड भन्दा वढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने , सम्भावित प्याकेज तयार गर्नुपर्ने , नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले वार्षिक खरिद योजना बनाई उपयुक्त कार्यमा प्याकेज बनाएर प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा सो नगरी तथा विनियोजित बजेट र प्रकृति अनुसार सम्भाब्य प्याकेज समेत तयार नगरी लागत अनुमानको हाराहारीमा भुक्तानी दिने गरी टुक्रा टुक्रामा प्याकेज बनाई कार्य गराई खर्च गरेको नियमसम्मत देखिएन । यसरी एउटै वडामा प्याकेज तयार गरी गर्न सकिने कार्यहरुको परिमाणहरुको एकमुष्ट लागत अनुमान तयार नगरी विनियोजित वजेटको आधारमा खरिद गरेको लागत अनुमानको हाराहारी सम्झौता गराइ निर्माण कार्यको नापीकिताव तथा खरिद परिमाण अनुसार रु १२८९२९५० भुक्तानी गरेको छ । यसरी खरिद योजना नवनाएको, सम्भाबित प्याकेज तयार नगरेको तथा टुक्रे योजना अनुसार खरिद कार्य गरेकोले मितव्ययी नदेखएको र प्रतिस्पर्धा सीमित हुने पद्वतिले खरिद कार्य गरेको नियमसम्मत देखिंदैन । सम्भावित प्याकेज तयार गरी खरिद व्यवस्थापनमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७७.२ स्यालो ट्युवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम संचालन विधि, २०७७ को बुदा नम्बर २ मा कार्यक्रममा सहभागी हुन चाहने सेवाग्राहीलाई बुदा ३ मा उल्लेखित तोकिएको योग्यता समावेश गरी १५ दिनको सार्वजनिक सूचना आव्हान गरी योग्य सेवाग्राहीलाई अनुदान भुक्तानी गर्दा बुदा ३ अनुसार जडान कार्य सम्पन्न प्रतिवेदन तथा बिल भरपाई र जडान/निर्माण भएको पम्पसेटको जि.पि.एस. कोडको अभिलेख राखी भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस पालिकाले माथि तालिका मा उल्लेखित खानेपानी ट्युबेवेल तथा बोरिंग जडान कार्य को लागि रु भुक्तानी गरेको छ । अतः कार्यक्रम संचालन विधि अनुसार सूचना प्रकाशन, छनौट तथा जडान गरी जि.पि.एस. कोडको सहितको अभिलेख राख्नु पर्ने देखिन्छ ।

७८ **प्रशासनीक भवन निर्माण कार्य**

पालिकाले ठेक्का नम्बर ७७/७८/८ मार्फत निर्माण व्यवसायी श्री अन्सुमन नायारा जे.भी सँग रु २ करोड ३८ लाख ५९ हजार को २०८१/३/२५ मा कार्य सम्पन्न गर्नेगरी २०८१/१/३१ मा सम्झौता भएकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन ।

७८.१ **कार्य प्रगतिः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौताबमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायि सँग भएको सम्झौता वमोजिम उक्त निर्माण कार्य २०८२।१।१५ मा सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायिले उक्त कार्यको चौथो रनिंग बिल सम्म रु १९५२६७८७.६२ भुक्तानी लिएको छ । सम्झौता वमोजिम २०८१/३/२५ मा समयावधि समाप्त भएकोमा सम्झौता बमोजिम कार्य सम्पन्न नभई कार्य अधुरो रहेको छ । सम्झौताको अवधि समाप्त भए पश्चात निर्माण कार्य सम्पन्न नगरेकोले सम्झौताको शर्त बमोजिम एवं सार्वजनिक खरिद ऐन तथा नियम वमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य सम्पन्न गरिनु पर्दछ ।

७८.२ गुणस्तर आश्वस्तता : निर्माण व्यवसायी संग भएको सम्झौता मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा कंक्रिट को २८ दिन को Compressive Strength हुनु पर्ने उल्लेख छ । कार्यलय ले निम्नानुसार को कार्य को गुणस्तर परीक्षण नगराई भुक्तानि गरेको पाइयो । अतः संरचना निर्माण कार्यमा प्रयोग गरिने क्रंक्रिट, अपेक्षित गुणस्तर कायम भएको छ भनेर यकिन गर्ने आधार देखिएन ।

| **कार्य** | **परिमाण** | **दर** | **भुक्तानि रकम** |
|---|---|---|---|
| M२० | २१४.७० | १९९०० | ४२७२६२०.०४ |

७८.३ बढी भुक्तानि : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकाय ले रनिंग बिल वा अन्य कुनै बिल बिजक्को भुक्तानि गर्दा करारको सर्त बमोजिम भुक्तानि गर्नु पर्ने व्यवस्था उल्लेख छ । त्यसैगरी नियमावलीको नियम ११८

मा सार्वजनिक खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसनको परिमाणको प्राविधिक पुष्ट्याई र कारण सहित भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले निम्नानुसार कार्यको भुक्तानी गर्दा बि.ओ.क्यू मा उल्लेखित परिमाण भन्दा फरक परिमाणले भेरियसन आदेश जारी नगरी भुक्तानी गरेकोले नियमावली बमोजिम भेरियसन आदेश जारी गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| कार्य | बि.ओ.क्यु परिमाण | भुक्तानि परिमाण | बढी परिमाण | दर | बढी भुक्तानि |
|---|---|---|---|---|---|
| Earth Filling | १५८.२८ | २८७.४२ | १२९.१४ | ४०० | ५८३७१.२८ |
| Brick Work | १४६.२५ | २३३.७५ | ८७.५ | १८५०० | १८२९१८७.५ |
| M२० | १६४.३१ | २१४.७ | ५०.३९ | १९९०० | ११३३११९.९३ |
| जम्मा | | | | | ३०२०६७८.७१ |

| प्रमाण पेश नगरेको | ३०,२०,६७८.७१ |
|---|---|

७८.४ रितपूर्बकको कर बिजक : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर निम्नानुसार को फर्म बाट मु.अ.कर रु४५४२८४.९७ समेत रु४४०३०६९.७१ भुक्तानी गरेको छ । तसर्थ उक्त फर्मले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु४४०३०६९.७१

| क्र सं | गो.भो र मिति | भुक्तानि रु. | मु.अ कर रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ८६/८१/२/२९ | ३९४८७८४.७४ | ४५४२८४.९७ | |

| प्रमाण पेश नगरेको | ४४,०३,०६९.७१ |
|---|---|

## ७९ पोलीटेक्निक कलेज निर्माण

पालिकाले पोलीटेक्निक कलेज निर्माण कार्य ठेक्का नम्बर ८०/८१/२ मार्फत निर्माण व्यवसायी एस.के.आर.ग्रुप प्रा.लि सँग रु ३ करोड ३ लाख १७ हजार को २०८३ असार १५ मा कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेकाछ्न ।

७९.१ **मोबिलाइजेसन पेश्की असुल गर्नु पर्ने :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायिले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधि भित्र सम्पादन नगरेको कारणले पेश्की फछ्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नु पर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशतले ब्याज समेत असुल उपर गर्नु पर्ने व्यवस्था छ । पालिकाले मोबिलाइजेसन पेश्की बापत रु.३०३६०००।- दिएकोमा रु.१५१८०००।- पेश्की बापत जमानत को म्याद 2६ मे २025 सम्म रहेकोले नियमावली बमोजिम समयमा रनिङ्ग बिल भुक्तानी गर्दा पेश्की फछयौट गर्नुपर्दछ ।

७९.२ **गुणस्तर आश्वस्तता**

निर्माण व्यवसायीसंग भएको सम्झौताको General Condition to Contract मा निर्माण सामग्रीहरुको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification को 18.३ मा कंक्रिट को २८ दिन को Compressive Strength हुनु पर्ने उल्लेख छ । कार्यलय ले निम्नानुसार को कार्य को गुणस्तर परीक्षण ७ दिन को मात्र राखेको पाइयो । अतः संरचना निर्माण कार्यमा प्रयोग गरिने क्रंक्रिट, अपेक्षित गुणस्तर कायम भएको छ भनेर यकिन गर्ने आधार देखिएन ।

| Description | Date of Casting | Date of Testing | Compressive Strength |
|---|---|---|---|
| M२० | २०८१/३/६ | २०८१/३/१३ | १४.०९ |
| | २०८१/३/५ | २०८१/३/१२ | १३.८९ |
| | २०८१/३/४ | २०८१/३/११ | १३.६६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बलान-विहुल गाउँपालिका, सप्तरी , बलान-विहुल गाउँपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अमरेन्द्र कुसियैत | २०७९-६-५ | २०८०-८-१७ |
| लेखा प्रमुख | कमलेश कुमार साह | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४२०,६१५ | २,५५१,४५० | ३८,१४९,३४२.८५ | ० | ० | ११,२७५,५०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५२,३९६,९०७.८५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५२,३९६,९०७.८५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६०१४५८९६.६७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २४५५४७००० | चालु खर्च | २५२०८०५८८.८ |
| प्रदेश सरकारबाट अनुदान | ९३५२३८१.९५ | पूँजीगत खर्च | १०४६४८५६३ |
| राजश्व बाँडफाँट | ६३३२१२४४.४८ | वित्तीय/अन्य व्यवस्था | १३३३२२२७०.४३ |
| आन्तरिक आय | २७३२६३६.९१ | | |
| अन्य आय | १३३८०५३१६.६३ | | |
| कुल आय | ४५४७५८५७९.९७ | कुल खर्च | ४९००५१४२२.२३ |
| बाँकी मौज्दात | | २४८५३०५४.४१ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वियनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।